




नेपाली राष्ट्रिय दैनिक

# हिमालय टाइम्स

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष २८, अंक ३५ काठमाडौं | २०७९ माघ १५ आइतबार | माघ शुक्लपक्ष, अष्टमी | नेपाल संवत् ११४२ | HIMALAYA TIMES | Sunday 29 January 2023 | पृष्ठ ८ | मूल्य रु ५।-







## संवैधानिक नैतिकतामा संकट आएको विज्ञहरूको टिप्पणी

## ‘रिभ्यु’ गर्नुपर्ने संयन्त्रको आवश्यक परेको निचोड

**यज्ञराज पाण्डे/हिटा**

काठमाडौं, १४ माघ

संविधान तथा कानुनका जानकार एवम् संसद्का प्रतिनिधिहरूले संवैधानिक नैतिकतामा संकट आएको टिप्पणी गरेका छन् । शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै संविधान तथा कानुनका जानकार एवम् विगतमा संसद्को नेतृत्व गरेका व्यक्तित्वहरूले नयाँ संविधान जारी भएको ८ वर्ष बित्दा पनि संवैधानिक व्यवस्थालाई संस्थागत गर्न नसकिएको भन्दै चिन्ता व्यक्त गरेका हुन् । शनिबार संसदीय अध्ययन तथा विकास संस्थापनाले काठमाडौंमा आयोजना गरेको ‘समसामयिक संवैधानिक सवालहरूमा छलफल’ अन्तरक्रिया कार्यक्रममा बोल्दै विज्ञहरूले संवैधानिक गतिविधिलाई अवलोकन गर्नसमेत आवश्यक परेको जोड दिएका हुन् ।



### सबैलाई बाँध्न बनाएको संविधानले कसैलाई बाँधेन : ढुंगाना



पूर्वसभामुख दमननाथ ढुंगानाले संविधानको निर्माण सबै अंगबीचको सहकार्यका लागि ल्याइए पनि यसले राज्यका सबै

» पृष्ठ २ मा क्रमशः

### राष्ट्रपति भण्डारीमा दलगत गन्ध धेरै आयो : बिडारी



राष्ट्रियसभाका पूर्व-सांसद एवं वरिष्ठ अधिवक्ता रामनारायण बिडारीले राष्ट्रपतिमा दलगत गन्ध आउने पछिल्लो

» पृष्ठ २ मा क्रमशः

### संसद्को प्रभावकारितालाई विश्लेषण गरी आगामी दिनमा सुधार गर्नुपर्छ : अधिकारी



वरिष्ठ अधिवक्ता तथा राष्ट्रियसभाका पूर्वसांसद राधेश्याम अधिकारीले संसद्को प्रभावकारितालाई

» पृष्ठ २ मा क्रमशः

### संसद् दल र सरकारबाट नियन्त्रित भयो : भट्टराई



वरिष्ठ अधिवक्ता टीकाराम भट्टराई संसद् स्वतन्त्र हुनुपर्नेमा दलहरूबाट नियन्त्रित भएको बताउनुहुन्छ । उहाँले संसद्को छायामा

» पृष्ठ २ मा क्रमशः

### संघीयतामाथि प्रश्न गरेर द्वन्द्व ननिम्त्याऔं : गौतम



संघीय संसद् सचिवालयका महासचिव भरतराज गौतमले संघीयतामाथि प्रश्न गरेर द्वन्द्व ननिम्त्याउन आग्रह गर्नुभएको छ । उहाँले पछिल्लो समय संघीयताको विषयलाई लिएर विभिन्न प्रश्न उठिरहेको

» पृष्ठ २ मा क्रमशः

### सभामुखको कार्यालय हाइज्याक भयो, संसद्मा कुनै प्रतिपक्ष छैन : त्रिपाठी



वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले सभामुखको कार्यालय पनि हाइज्याक भएको बताउनुभएको छ । उहाँले सरकारमा

» पृष्ठ २ मा क्रमशः

## प्रमुख राजनीतिक दलहरू राष्ट्रपति निर्वाचन केन्द्रित दाउपेचमा

# पुनः सत्तामा फर्किने कांग्रेसको रणनीति

**अनिल क्षेत्री/हिटा**

काठमाडौं, १४ माघ

पुस १० गतेको अनपेक्षित राजनीतिक घटनाक्रमबाट उत्पन्न वर्तमान सत्तासाझेदार सात राजनीतिक दलहरूले प्रधानमन्त्री, सभामुख र मुख्यमन्त्रीसहितका धेरैजसो राजकीय पद हात पारिसकेको छ । तर, मुलुकको प्रमुख राजकीय पद राष्ट्रपतिको लागि मुख्य राजनीतिक दलहरूबीच दाउपेच सुरु भएको छ । भावी राष्ट्रपति आफूअनुकूल बनाउन प्रमुख राजनीतिक शक्तिहरू तीव्र गृहकार्यमा जुटेका छन् । निर्वाचन आयोगले फागुन २५ गते राष्ट्रपतिको निर्वाचन गर्ने तयारी गरेको छ । तर, भावी राष्ट्रपतिको तस्बिर अझै स्पष्ट हुन सकेको छैन । नेकपा एमालेसहितका सात राजनीतिक दलको प्रस्तावमा पुस १० गते नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ प्रधानमन्त्रीमा नियुक्त हुनुभएको थियो । त्यो बेला नेकपा एमाले र माओवादी केन्द्रबीच राष्ट्रपति एमालेलाई र प्रधानमन्त्री तथा सभामुख आधा-आधा कार्यकाल लिने सहमति भएको बताइएको छ । तर, पुस २६ गते प्रधानमन्त्रीले प्रतिनिधिसभामा विश्वासको मत लिँदा संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले पनि अनपेक्षित रूपमा प्रचण्डलाई विश्वासको मत दिएपछि राजनीतिक परिस्थिति फेरिएको तर्फ बलियो बन्दै गएको छ ।

प्रतिपक्षमा बस्ने अपेक्षाविपरीत कांग्रेसले विश्वासको मत दिएसँगै २७५ सदस्यीय प्रतिनिधिसभामा प्रधानमन्त्री प्रचण्डको विपक्षमा जम्मा दुई मत मात्र पर्‍यो । कांग्रेसले विश्वासको मत दिएपछि प्रधानमन्त्री प्रचण्डले सार्वजनिक रूपमै राष्ट्रपतिमा राष्ट्रिय सहमति हुनुपर्ने अभिव्यक्ति दिइरहनु भएको छ । राष्ट्रिय सहमतिको सन्दर्भमा कांग्रेस र माओवादीबीच एक मत देखिँदा प्रचण्डलाई प्रधानमन्त्री बनाउन मुख्य भूमिका निर्वाह गरेको एमाले भने सशंकित बनेको छ । पुस १० गते भएको सहमति अक्षरंश पालना हुनुपर्ने

» पृष्ठ २ मा क्रमशः







### कांग्रेसको नेतृत्वमा कुनै पनि दिन सरकार बन्ने सम्भावना छ : कोइराला



नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाले कांग्रेस जुनसुकै बेला सरकारमा जान सक्ने बताउनुभएको छ । नेपाल प्रेस युनियन प्रदेश नं १ समितिको प्रथम अधिवेशनको शनिबार

» पृष्ठ २ मा क्रमशः

### कांग्रेसले धमिलो पानीमा माछा मार्न खोज्दै छ : ज्ञवाली



नेकपा एमालेका उपमहाविच प्रदीप ज्ञवालीले कांग्रेसले राष्ट्रपति निर्वाचनमा धमिलो पानीमा माछा मार्न खोजेको आरोप लगाउनुभएको छ । सत्ता गठबन्धनको सहमतिअनुसार

» पृष्ठ २ मा क्रमशः

### राष्ट्रपति निर्वाचनमा राष्ट्रिय सहमति आवश्यक : डा.भट्टराई



माओवादी केन्द्र र उक्त पार्टी अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री प्रचण्डको राष्ट्रिय सहमतिको प्रयासमा बल पुग्ने गरी पूर्वप्रधानमन्त्री समेत रहनुभएका नेपाल समाजवादी पार्टी

» पृष्ठ २ मा क्रमशः

# अब के होला रविको राजनीतिक भविष्य ?

## राहदानीसम्बन्धी मुद्दामा जेलसमेत जानसक्ने



**डिबी शर्मा/हिटा**

काठमाडौं, १४ माघ

रवि लामिछानेको नागरिकतासम्बन्धी विवादमा परेको रिटमा सर्वोच्च अदालतले गरेको फैसलाले नेपाली राजनीति तरंगित बनेको छ । सर्वोच्चको संवैधानिक इजलासले जारी गरेको फैसलाको तरंग राजनीतिसँगै जनतासम्म पुगेको हो । फैसलालाई लिएर विभिन्न टीका टिप्पणी भइरहेका छन् । कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, डा. आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको संवैधानिक इजलासले शुक्रबार लामिछानेको नागरिकतामा कैफियत देखाउँदै विपक्षमा फैसला सुनाएको थियो । संवैधानिक इजलासको फैसलासँगै

» पृष्ठ २ मा क्रमशः

### कोही आत्तिनु पर्दैन, समस्यालाई संविधानअन्तर्गत नै हल गर्न दलहरू सक्षम छन् : नेम्वाङ



सत्तारूढ नेकपा (एमाले)का उपाध्यक्ष एवम् पूर्वसभामुख सुवास नेम्वाङले मुलुकको पछिल्लो राजनीतिक परिस्थितिबाट कोही पनि आत्तिनुपर्ने अवस्था नरहेको बताउनुभएको छ ।

» पृष्ठ २ मा क्रमशः

### लामिछाने अनागरिक/राज्यविहीन होइनन्, नागरिकता पाउन योग्य नेपाली हुन् : मिश्र



राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रले रवि लामिछाने अनागरिक र राज्यविहीन नभएको बताउनुभएको छ । धरैले लामिछानेलाई अनागरिक र राज्यविहीन भनेको भन्दै टिप्पणी

» पृष्ठ २ मा क्रमशः

### चितवन-२ मा उपनिर्वाचन कहिले ?

सर्वोच्चले रवि लामिछानेको सांसद पद खारेज गरेपछि चितवन-२ मा उपनिर्वाचन गर्नुपर्ने भएको छ । लामिछानेको सांसद पद गुमेसँगै उहाँ निर्वाचित चितवन क्षेत्र नम्बर २ मा उपनिर्वाचन हुने भएको हो । नेपालको संविधानले ६ महिनाभन्दा बढी कार्यकाल बाँकी रहेको अवस्थामा उपनिर्वाचन गर्नुपर्ने व्याख्या गरेको छ । प्रतिनिधिसभा निर्वाचन ऐनमा कार्यकाल सकिनु ६ महिनाअघि कुनै निर्वाचन क्षेत्र कुनै कारणले रिक्त भएमा पुनः निर्वाचन हुने व्यवस्था छ । लामिछाने गएको मंसिर ४ मा भएको प्रतिनिधिसभा निर्वाचनमा चितवन

» पृष्ठ २ मा क्रमशः

### लामिछानेको मुद्दाले एनआरएनलाई थप प्रष्ट बनायो : शर्मा



गैरआवासीय नेपाली संघका उपाध्यक्ष डा. हेमराज शर्माले गृहमन्त्री रवि लामिछानेविरुद्ध सर्वोच्च अदालतले सुनाएको फैसलाले एनआरएनहरूलाई कुनै असर नपर्ने बताउनुभएको छ । लामिछानेविरुद्धको फैसलापछि विभिन्न प्रतिक्रिया

» पृष्ठ २ मा क्रमशः

# सत्ता समीकरण भत्काउने कुनै पनि षड्यन्त्र सफल हुँदैन : पोखरेल



**हिमालय टाइम्स**

काठमाडौं, १४ माघ

नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले मुलुकलाई राजनीतिक अस्थिरताको दुष्चक्रमा फसाउने प्रयास भइरहेको आरोप लगाउनुभएको छ । एमालेद्वारा शनिबार ललितपुरको च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा आयोजित ‘शहीद स्मृति कार्यक्रम’मा बोल्दै महासचिव पोखरेलले मुलुकमा देखापरेको राजनीतिक अस्थिरताको खेललाई सही बाटोमा अघि बढाउन आफ्नो पार्टी दृढ संकल्पित रहेको समेत उल्लेख गर्नुभयो । महासचिव पोखरेलले नेपाली राजनीतिमा देखापरेका पछिल्लो राजनीतिक परिस्थितिप्रति पार्टी गम्भीर रहेको उल्लेख गर्दै त्यसलाई सफलतापूर्वक सामना गरेर अघि बढ्ने दाबी गर्नुभयो । उहाँले भन्नुभयो, ‘राजनीतिक अस्थिरताको दुष्चक्र कायम गर्ने जुन कोसिस गरिएको

» पृष्ठ २ मा क्रमशः

### विगतको कमजोरीबाट सच्चिएर अहिलेको समीकरण जोगाउनुपर्छ : पोखरेल

नेकपा (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अहिलेको समीकरण राजनीतिक स्थायित्वका लागि बनेको दाबी गर्नुभएको छ । नेकपा एमाले सिन्धुपाल्चोक मोर्चा संगठनले शनिबार दोलालघाटमा आयोजना गरेको कार्यक्रममा बोल्दै पोखरेलले हिजोको कमी कमजोरीबाट अनुभव र शिक्षा लिएर अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।



एमाले मत मिलाउने मात्रै नभई मन मिलाउने पार्टी भएको पनि उहाँले उल्लेख गर्नुभयो । अहिले बनेको समीकरणअनुसार नै अगाडि बढ्नुपर्ने उल्लेख गर्दै राजनीतिक दलहरूबीच भएको सहमतिलाई अक्षरशः पालना गर्नुपर्ने उहाँको भनाइ छ । वरिष्ठ उपाध्यक्ष पोखरेलले चारैतिरको घेराबन्दीका बीचमा पनि एमाले अहिले नेतृत्वदायी भूमिकामा रहेको बताउनुभयो । एमाले राष्ट्रिय राजनीतिको मियो रहेको उहाँको भनाइ थियो ।

हिमालय टाइम्स | चसक्क!




गोल नहान्दै रेडकार्ड ?

महेश बस्ताकोटी






### राष्ट्रिय प्राथमिकताको आयोजनाको काम नै सुस्त



**डम्मर बुढा मगर/हिटा**

बागलुङ, १४ माघ

राष्ट्रिय प्राथमिकताको आयोजना सालझण्डी-ढोरपाटन सडकको बागलुङ खण्डमा ट्र्याक खुलेको नौ वर्ष बितिसक्यो । तर, स्तरोन्नतिको काम भने हुन सकेको छैन । सडक स्तरोन्नतिका लागि सरकारले हरेक वर्ष करोडौं बजेट विनियोजन गरे पनि बागलुङ खण्डमा काम हुन सकेको छैन । सडकको धेरै स्थानमा साँघुरो हुँदा गाडी ओहोरदोहोर गर्न समस्या छ । रूपन्देहीको सालझण्डीदेखि अर्घाखाँची हुँदै ढोरपाटन जोड्ने यो सडकले पहाडी जिल्लालाई

» पृष्ठ २ मा क्रमशः

# नेपालका सरकारी वेबसाइटमा ‘ह्याकर’को प्रवेश

## सर्भर डाउन हुँदा हवाईसेवा दुई घण्टा अवरुद्ध

**चिन्तन क्षेत्री/हिटा**

काठमाडौं, १४ माघ

शनिबार नेपाल सरकारका सबै वेबसाइटहरू एकैपटक डाउन भए । सार्वजनिक बिदा भएकाले सरकारी सेवा प्रवाहमा धेरै ठूलो समस्या नदेखिए पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भने दुई घण्टा हवाई सेवा अवरुद्ध नै हुन पुग्यो । नेपाल सरकार मातहतमा रहेको ‘जिओभी डट एनपी’ अन्तर्गतका वेबसाइटहरू एकैपटक डाउन भएका थिए ।

राष्ट्रिय सूचना प्रविधि केन्द्रले विदेशबाट एकैपटक धेरै ट्राफिक आउँदा समस्या देखिएको बताएको छ । प्रविधि केन्द्रका प्रवक्ता रमेश पोखरेलले भन्नुभयो, ‘नेपालबाहिरबाट एकैपटक धेरै ट्राफिक आउँदा सबै सरकारी कार्यालयका वेबसाइटमा समस्या आएको हो ।’ प्रविधि केन्द्रले यसलाई बढी ट्राफिकका कारण आएको समस्या भएको बताए पनि एकैपटक सबै सरकारी वेबसाइट बन्द हुनु अस्वाभाविक भएको विज्ञहरूको भनाइ छ । विज्ञहरू यसलाई साइबर अट्याकको संज्ञा दिन्छन् । एक विज्ञले यो ‘डिडिओएस अट्याक’ हुनसक्छ भन्नुभयो । सरकारी वेबसाइट ह्याक भने नभएको केन्द्रका प्रवक्ता पोखरेलले बताउनुभएको छ । यद्यपि, शनिबार केही घण्टा कुनै पनि सरकारी वेबसाइट खुलेका थिएनन् ।



### दुई घण्टापछि हवाई उडान सुरु, यात्रुहरूको प्रदर्शन

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यागमन विभागको ‘सर्भर डाउन’ हुँदा दुई घण्टा अवरुद्ध बनेको थियो । विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुरले ‘म्यानुअल्ली’ रूपमा दुई घण्टापछि अन्तर्राष्ट्रिय उडान सुचारु भएको बताउनुभयो । उहाँले भन्नुभयो, ‘दुई

» पृष्ठ २ मा क्रमशः

### १७ दिनअघि अमेरिकामा पनि घटेको थियो यस्तै घटना

१७ दिनअघि अमेरिकामा पनि यस्तो घटना घटेको थियो । जनवरी ११ मा दुर्घटनाबाट जोगाउन अमेरिकी फेडरल एभिएसन सिष्टम (एफएए) ले सयौं प्लेनलाई ग्राउण्डेड नै गर्नुपरेको थियो । अमेरिकाले आधिकारिक

» पृष्ठ २ मा क्रमशः

# रगत नि:शुल्क, स्थानीय तहको प्रतिबद्धता कागजमा सिमित

**टेकराज अवस्थी/हिटा**

डडेल्धुरा, १४ माघ

नेपाल रेडक्रस सोसाईटीको रक्त सञ्चार सेवाले तीन वर्षदेखि नि:शुल्क रुपमा बिरामीलाई रगत उपलब्ध गराउँदै आएको छ। सुदूरपश्चिमका सात पहाडी जिल्लाहरूबाट डडेल्धुरा अस्पतालमा उपचारका लागि आउने विरामीलाई अत्यावश्यक रगत नि:शुल्क रुपमा दिँदै आएको नेपाल रेडक्रस सोसाईटीको रक्त सञ्चार सेवाले जनाएको छ।

गत आर्थिक वर्षमा ७५० र चालु आर्थिक वर्षको माघ पहिलो सातासम्म रगत संकलनको बितरणसहित ४१५ जति पिन्ट बिरामीलाई नि:शुल्क रगत दिँदै आएको भए पनि कर्मचारी परिचालन र प्रशासनिक खर्चको आर्थिक अभावले सेवा प्रभावित हुने नेपाल रेडक्रस सोसाईटीका जिल्ला सभापति मदनराज चटौतले जानकारी दिनुभयो।

सात पहाडी जिल्लाको एक मात्र भरपर्दो अस्पताल नजिकै रहेको रक्त सञ्चार सेवाललाई प्रभावकारी बनाउन तीन वर्ष अगाडी डडेल्धुराका स्थानीय तहहरूले सेवालाई निरन्तरता दिन वार्षिक एक लाख विनियोजन गर्ने निर्णय गरे पनि अहिलेसम्म बजेट उपलब्ध नगराउँदा रक्त सञ्चार सेवा दिगो नहुने सभापति चटौतको भनाइ छ।

उहाँका अनुसार तीन वर्ष अगाडी जिल्ला प्रशासन कार्यालय डडेल्धुरामा जिल्लाका सबै स्थानीय तहका प्रमुखहरूले रक्त सञ्चार सेवालाई नि:शुल्क वितरण र दिर्घकालिन सेवा बिस्तार गर्न स्थानीय तहको आर्थिकलगायत समन्वयकारी सहयोग रहने प्रतिबद्धता सहितको निर्णय गरेका थिए, त्यस मध्ये अजयमेरू र भागेश्वर गाउँपालिकाबाहेक अरु स्थानीय तहहरूले एक लाखका दरले आर्थिक सहयोग दिए पछि अहिलेसम्म संचालनमा सहजता भएको बताउनुभयो।

पहिलो वर्ष सहयोग गरेका थिए त्यस पश्चात भने कुनै पनि पालिकाले न आर्थिक सहयोग गरे, न समन्वय नै।

स्थानीय तहहरूले विपद व्यवस्थापनका लागि विनियोजित बजेटबाट पनि यो आकस्मिक सेवालदाई सहयोग गर्न सकिन्छ तर कसैको पनि ध्यान रेडक्रस र रक्तसञ्चार सेवा तर्फ गम्भीरताका साथ गएको देखिँदैन।

डडेल्धुरा अस्पतालमा वार्षिक हजारौं सेवाग्राही आउँछन तिमध्ये जटिल बिरामी र आर्थिक अभाव भेलेकालाई अस्पतालबाट माग भए बमोजिम रगततत्व छुट्याएर सेवाग्राहीलाई नि:शुल्क प्रदान गरिरहेको कारण गर्भवती सुत्केरी र दुर्घटनामा परेका लगायतका बिरामीको ज्यान जोगाउन सफल भएको छ।

## दुई घण्टापछि ...

« पृष्ठ १ बाट क्रमशः

घण्टापछि म्यानुअल्ली रूपमा उडान सामान्य रूपमा भइरहेको छ। सबै सरकारी सर्भर डाउन भएकाले समस्या आएको अध्यागमन कार्यालयले जानकारी दिएको छ।' उडान अवरुद्ध हुँदा यात्रुहरूको व्यवस्थापनमा केही समस्या भएको थियो। पाँचवटा उडान अवरुद्ध हुँदा विमानस्थलमा यात्रुको भिड बढेको थियो। महाप्रबन्धक ठाकुरले विगतमा पनि यस किसिमको समस्या उत्पन्न हुने गरेको भन्दै विमानस्थलको सेवालाई चुस्त र प्रभावकारी बनाउन आइतबार अध्यागमनसँग बैठक बसेर आवश्यक निर्णय लिइने बताउनुभयो। उहाँले सबै सरकारी सर्भर डाउन भएकाले आजको समस्या आएको जिकिर गर्नुभयो।

## १७ दिन ...

« पृष्ठ १ बाट क्रमशः

रूपमा साइबर हमला भएको स्वीकार नगरे पनि गुप्तचरहरूले हवाई क्षेत्रको प्रविधिमाथि साइबर हमला गरेर कम्प्युटर फाइलहरू नष्ट गरिएको बताएको थियो। अमेरिकी मिडियाले यसमा रुसी ह्याकरहरू संलग्न रहेको आरोप लगाएको थियो।

## सत्ता समिकरण ...

« पृष्ठ १ बाट क्रमशः

छ। त्यसलाई नेकपा एमाले सफलतापूर्वक सामना गर्दै अघि बढ्न तयार छ भन्ने कुरा पनि म तपाईंहरूका बीचमा राख्न चाहन्छु। अहिले नेपाली राजनीतिमा जुन प्रकारका अस्थिरताका खेलहरू भइरहेका छन्। नेकपा एमाले त्यसप्रति अन्त्यन्त गम्भीर छ। र, सचेततापूर्वक त्यसलाई सही बाटोमा अघि बढाउनका लागि दृढ संकल्पित रहेको कुरा यहाँ उल्लेख गर्दछु।'

महासचिव पोखरेलले नेपाली कांग्रेसले सत्ता समीकरण भत्काउन खोजेको बताउनुभयो। सहमतिका नाममा परिवर्तन खोज्नु नेपाली कांग्रेसको सत्तालिप्सा मात्रै भएको पनि महासचिव पोखरेलले बताउनुभयो। उहाँले भन्नुभयो, 'रेमिट्यान्समा वृद्धि हुन थालेको छ, यो आशा जागृत गरेको परिस्थितिलाई बदल्ने कुरामा सायद कसैको रुचि हुन्छ जस्तो मलाई लाग्दैन, परिवर्तन खोज्नु भनेको कांग्रेसको सत्तालिप्सा मात्रै हो, वास्तवमा असफल भएको कांग्रेसले राष्ट्रपति निर्वाचनमा सहमतिका नाममा सत्ता समीकरण भत्काउने कुत्सित मनशाय राखेको होला, त्यो सम्भव छैन, समीकरण फेरिँदैन।' सत्तासाझेदार दल मिलेरै अघि बढ्ने पनि उहाँले बताउनुभयो। महासचिव पोखरेलले एमालेले शहीदहरूको सम्मानमा कमी आउन नदिने गरी मुलुकलाई अघि बढाउने प्रयास गरिरहेको पनि बताउनुभयो।

## पुनः सत्तामा ...

« पृष्ठ १ बाट क्रमशः

भन्दै एमाले अध्यक्ष केपी ओलीले प्रधानमन्त्री प्रचण्डामाथि निरन्तर दबाब बढाइरहनु भएको छ। एमालेको दबाबबीच माओवादी केन्द्रको शुक्रबार बसेको स्थायी कमिटी बैठकले राष्ट्रपतिमा राष्ट्रिय सहमति खोज्ने संस्थागत निर्णय गरेसँगै एमाले थप भस्किएको छ। एमालेका नेताहरूले भने पूर्ववत् सहमतिविपरीत गएर प्रधानमन्त्रीले धोका दिन नपाउने चेतावनी दिइरहेका छन्।

कांग्रेसले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिनु र प्रधानमन्त्रीले विश्वासको मत दिएका दलहरूको संयुक्त बैठक तथा संसद् बैठकमा समेत आफूले संवैधानिक पदहरूमा राष्ट्रिय सहमति गर्न खोजेको बताएपछि राष्ट्रपति कुन दलबाट र को हुने भन्ने थप अनिश्चित बनेको छ। भावी राष्ट्रपति प्राप्त गर्न प्रमुख सत्तासाझेदार दल एमाले र प्रमुख प्रतिपक्षी दल कांग्रेसको मुख्य चासो रहँदा अंकगणितमा माओवादी निर्णायक छ। राष्ट्रपति निर्वाचनलाई लिएर प्रमुख तीन राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र आ-आफ्नो रणनीतिमा छन्। नेकपा एमाले प्रचण्डलाई प्रधानमन्त्री बनाउँदा भएको राष्ट्रपति र सभामुख आफूले पाउने अलिखित सहमति कार्यान्वयन हुनुपर्ने अडानमा छ। संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेस जसरी पनि एमालेलाई राष्ट्रपतिमा रोक्ने दाउमा छ। राष्ट्रपतिमा एमालेलाई रोक्न सके जुनसुकै बेला पनि सत्ता आरोहणको अवसर आउने कांग्रेसको ठम्याइ छ। राष्ट्रपति चयनमा निर्णायक माओवादी केन्द्र भने आगामी दिनमा आफूअनुकूल राष्ट्रपति बनाउने रणनीतिमा छ। विपक्षी दल कांग्रेसले राष्ट्रपतिका लागि २६ पुसमा प्रधानमन्त्रीलाई विश्वासको मत दिएसँगै तीव्र प्रयत्नमा छ। सभामुख र उपसभामुखको निर्वाचनलगत्तै कांग्रेस प्रधानमन्त्री प्रचण्डको पहलमा सहमतिको अपेक्षासहित राष्ट्रपति निर्वाचनमा केन्द्रित बनेको हो।

## कांग्रेसको नेतृत्वमा ...

« पृष्ठ १ बाट क्रमशः

विराटनगरमा उद्घाटन गर्दै नेता कोइरालाले भन्नुभयो, 'योभन्दा अगाडि साढे तीन वर्ष कांग्रेस विपक्षमै थियो तर एमाले र माओवादीकै कारण सरकारको नेतृत्व पाएको थियो। यसपटक देशको ठूलो दल हुँदाहुँदै पनि सरकारमा जानबाट वञ्चित हुनुपरेको छ र राजनीतिमा यस्ता घटना भइरहन्छ। त्यसैले यो विषयमा धेरै चिन्ता लिनु पर्दैन किनकि जुनसुकै बेला सरकारमा जान सक्छौं।'

नेता कोइरालाले राष्ट्रपतिको निर्वाचन आगामी फागुन २८ गतेभित्र हुनुपर्ने बताउनुभयो। फागुन २८ अघि राष्ट्रपतिको निर्वाचन नभए देशमा अनिष्ट हुने जिकिर गर्दै नेता कोइरालाले संविधानभन्दा माथि राष्ट्रपति हुन नसक्ने भएकाले संविधानभित्र रहेर नै काम गर्नुपर्ने बताउनुभयो। उहाँले भावी राष्ट्रपतिको लागि कांग्रेसले उम्मेदवारी दिनेसमेत स्पष्ट पार्नुभयो।

## कांग्रेसले धमिलो ...

« पृष्ठ १ बाट क्रमशः

एमालेबाटै राष्ट्रपति निर्वाचित हुनेमा आफू ढुक्क रहेको दाबी गर्दै ज्ञवालीले कांग्रेसले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएको आधारमा राष्ट्रपति पदमा सम्झौता नगरेको जिकिर गर्नुभयो। प्रेस चौतारी नेपाल पाल्पा शाखाले शनिबार तानसेनमा राखेको पत्रकार भेटघाटमा बोल्दै नेता ज्ञवालीले वर्तमान गठबन्धनलाई कमजोर गराउने कुनै पनि प्रयास सफल नहुने दाबी गर्दै भन्नुभयो, 'राष्ट्रपति निर्वाचनका विषयमा छलफलहरू हुन सक्छन्। प्रतिपक्षीको हैसियतले कांग्रेसले कोसिस गर्नु एउटा कुरा होला तर त्यो कोसिस सार्थक हुनेवाला छैन। सत्तालाई सही रूपमा व्यवस्थापन गर्न नसक्दा नै कांग्रेसले सबै पद गुमाएको हो। अझै पनि धमिलो पानीमा माछा मार्ने दाउमा लागेको छ। त्यसैले राष्ट्रपतिको दाउ ताकेको हुन सक्छ।'

## राष्ट्रपति निर्वाचनमा ...

« पृष्ठ १ बाट क्रमशः

(नेसपा) का डा. बाबुराम भट्टराईले पनि राष्ट्रपति निर्वाचनमा सर्वसम्मत भए उपयुक्त हुने बताउनुभएको छ। शनिबार गृहजिल्ला गोरखा पुग्नुभएका डा.भट्टराईले पत्रकारसँगको कुराकानीमा राष्ट्रपतिमा प्रमुख शक्तिबीच राष्ट्रिय सहमति हुनुपर्नेमा जोड दिँदै भन्नुभयो, 'राष्ट्रिय राजनीतिका अहम् मुद्दामा सहमति गराएर जानु उपयुक्त हुन्छ, राष्ट्रपति जस्तो संस्थालाई चाहिँ धेरैभन्दा धेरै सहमति चाहिन्छ। सर्वसम्मत नहुन पनि सक्छ, अधिकतम सहमति हुने तवरले जानु उपयुक्त हुन्छ। कम्तीमा कांग्रेससहित एमाले, माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका शक्तिहरूबीच राष्ट्रिय सहमति बन्छ।'

## सबैलाई ...

« पृष्ठ १ बाट क्रमशः

संयन्त्रबीच सहकार्य स्थापना गर्न नसकेको टिप्पणी गर्नुभएको छ। प्रजातान्त्रिक व्यवस्था भनेको प्रतिस्पर्धात्मक व्यवस्था भए पनि जनप्रतिनिधि निर्वाचित भएर गइसकेपछि राज्यका सबै संयन्त्रले समन्वयमै काम गर्नुपर्ने बताउनुभएको हो। अदालत कतिसम्म स्वतन्त्र हुने र सरकार वा संसद्ले के कस्तो भूमिका खेल्ने यस्तो कुरामा तीनै अंगबीच सहकार्य भएन भने संविधान नै चल्न नसक्ने उहाँको दाबी छ।

उहाँ भन्नुहुन्छ, 'संविधान युगौंयुगका लागि बनाइने हो, तर हामीलाई तत्कालको बेलामा एउटा सदस्यलाई मन्त्री बन्नबाट रोक्नको लागि बनाएका छौं। संविधानमा दूरदृष्टि हुनुपर्छ, त्यो हाम्रोमा भइरहेको छैन, हामीले तत्कालिक कुरालाई रोक्नका लागि संविधान बनाएका छौं। सबैलाई बाँध्नका लागि संविधान बनाउँदा कसैलाई पनि नबाँधिने संविधान भएको छ, अहिले संविधानले कसैलाई बाँधेको छैन। संविधानको कार्यान्वयन हेर्न एउटा उच्च निकाय बनाउन आवश्यक छ।'

यति ठूलो परिवर्तनपछि संविधान आए पनि हामीले संवैधानिक संस्कृति वा प्रजातान्त्रिक संस्कृतिलाई स्थापना गर्न नसकेको उहाँले टिप्पणी गर्नुभएको हो।

त्यस्तै, वरिष्ठ अधिवक्ता बिडारीले संविधानले विपक्षी दलको व्याख्या नगरेको बताउनुभएको छ। विपक्षी दलले सरकारको समर्थन गर्नै हुँदैन भन्ने हिसाबबाट बुझ्न नहुने उहाँको भनाइ छ। उहाँले सरकारलाई सबै दलले समर्थन गर्नुलाई राजनीतिक दलहरूले विपक्षीरहित बनाउने उद्देश्यका साथ गरिएको व्याख्या भएको बताउनुभयो। उहाँले संविधानले विपक्षी नेताको व्याख्या गरेको भए पनि विपक्षी दलको व्याख्या नगरेको उहाँको भनाइ छ।

## संसद्को ...

« पृष्ठ १ बाट क्रमशः

विश्लेषण गरी आगामी दिनमा सुधार गर्नुपर्ने बताउनुभएको छ। उहाँले यसअघिको संसद्ले नागरिकता ल्याउन नसक्दा लाखौंको संख्यामा नागरिकहरूले नागरिकता प्राप्त गर्नबाट वञ्चित हुनुपरेको बताउनुभयो। त्यस्तै, संघीयतालाई अपनाइसक्दा पनि प्रदेशमा दिने अधिकार तथा स्थानीय तहमा दिने अधिकारको यो पाँच वर्षमा निकै कञ्जुस्याँइ गरेको उहाँको टिप्पणी छ। उहाँ भन्नुहुन्छ, 'एउटा संविधान आइसकेपछि जति अफ्ठ्यारो आइपर्छ त्यो अफ्ठ्यारोलाई सुरुको ८-१० वर्षमा समाधान गर्नुपर्छ। त्यसका लागि संविधान तथा कानुनमा पुनरावोलकन गरिराख्नुपर्ने हामीलाई एउटा संयन्त्रको आवश्यक भयो।' संविधानलाई 'रिभ्यु' गर्नुपर्ने कुनै न कुनै रूपमा एउटा अयोगको आवश्यक परेको उहाँको टिप्पणी छ।

## संघीयतामाथि ...

« पृष्ठ १ बाट क्रमशः

भन्दै संघीयतामाथि प्रश्न गरेर द्वन्द्व ननिम्त्याउन सम्बन्धित पक्षहरूलाई आग्रह गर्नुभएको हो। उहाँ भन्नुहुन्छ, 'संघीयता भएपछि सात प्रदेश छन्, सात हुँदा पनि चलाउन सकेनौं भनेका छौं, यसमा म अप्रेसनल कुरा देख्छु। अब संघीयतालाई फेरि अर्को क्वेसन गरेर यसलाई द्वन्द्व निम्त्याउनु छ र हामीले ? सकौंला ? हामी सधैं १०/१५ वर्षमा कन्स्टिट्युसन फेर्दै जाने ? हामी यही नै हो त, हामी यहाँबाट परिष्कृत हुने हो।'

उहाँले हरेक १५ वर्षमा देशको संरचना परिवर्तन गरेर जान नसकिने स्पष्ट पार्नुभयो। महासचिव गौतमले संघीयतामाथि प्रश्न उठाउँदै जाने हो भने सबै ठूलो संकटमा पर्ने बताउनुभयो। संघीयतालाई जति ठूलो विषय बनाइन्छ त्यति नै फस्दै जाने सम्भावना रहेको बताउनुभयो।

फरक प्रसंगमा महासचिव गौतमले तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई महाभियोग निष्प्रभावीबारे लेखेको पत्र आफ्नो प्रशासनिक कुरा भएको र आफूले बारम्बार सोचेर लेखेको भन्दै सही र गलत भन्ने कुरा अदालतले फैसला गर्ने बताउनुभयो।

## राष्ट्रपति भण्डारीमा ...

« पृष्ठ १ बाट क्रमशः

उदाहरणले देखाएकाले राष्ट्रिय सहमतिमा नै राष्ट्रपति बनाउनुपर्ने बताउनुहुन्छ। राष्ट्रपति पद एकता, संघीयता र गणतन्त्रकै प्रतीक भएकाले सबैको सहमतिमा राष्ट्रपति बनाउन सक्ने वातावरण बनाउनुपर्ने उहाँको भनाइ छ। उहाँले राष्ट्रिय सहमतिमा राष्ट्रपति बनाए अहिले झेल्नुपरेका समस्याहरूबाट मुक्ति मिल्ने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'राष्ट्रपति एकताको प्रतीक हो। संघीयताको प्रतीक हो, गणतन्त्रको प्रतीक हो। यसलाई देशका सबै राजनीतिक दलले गम्भीरपूर्वक छलफल गरेर सबैको सहमतिमा राष्ट्रपति बनाउन सक्ने वातावरण बनायौं भने राष्ट्रपतिबाट अहिले जेजे दु:ख पाएका छौं, त्यो भोग्नु पर्दैन। तत्कालीन राष्ट्रपति रामवरण यादवको पालामा रूकमाङ्गत कटुवालको बाहेक अन्यमा बहस गर्नुपरेन तर राष्ट्रपति विद्यादेवी भण्डारीको पालामा धेरै राजनीतिक गन्ध आयो। दलीय प्रभाव परको, गर्नु नहुने काम गर्नुभयो। राष्ट्रपति बडो विचार गरेर बनाउनुपर्ने रहेछ, पहिलो यो फालेको पद जस्तो थियो, अहिले प्रधानमन्त्री रोक्न र बनाइदिन पनि सक्नुहुने रहेछ। राष्ट्रपतीय पद्धतिलाई परिमार्जन गर्नको निम्ति विद्यत वर्गले सुझाव दिनुपर्छ।'

## संसद् दल ...

« पृष्ठ १ बाट क्रमशः

सरकार हुनुपर्नेमा सरकारको छायाँमा संसद् भएको टिप्पणी गर्नुभएको हो। उहाँ भन्नुहुन्छ, 'संस्थाहरूको स्वसञ्चालन सबैभन्दा ठूलो समस्या देखिएको छ। संसद् आफ्नै नियम कानुन र स्वाभाविक गतिमा हिँड्न सकेको छैन। संविधानले दिएको सार्वभौम अधिकार सांसद्ले प्रयोग गर्न सकिरहेका छैनन्। स्वसञ्चालनमा संसद्को समस्या देखिन्छ।' संसद् आफ्नै निर्णयमा टिक्न नसक्नु र बाहिरका अन्य संरचनाबाट हस्तक्षेप हुनुले संविधानको संस्थागतमा चुनौती देखिएको वरिष्ठ अधिवक्ता भट्टराईको तर्क छ।

## सभामुखको ...

« पृष्ठ १ बाट क्रमशः

सहभागी हुनबाट रोक्न हेतु नेकपा एमालेले हतारमा सभामुखसँग मिलेमतो गरेर नेपाली कांग्रेसलाई प्रतिपक्ष दलको दर्जा दिन लगाइएको बताउनुभयो। नेकपा एमाले र सरकार सभामुखसँग चाँडोभन्दा चाँडो कांग्रेसलाई प्रतिपक्षमा धकेल्न लगाइएको उहाँको भनाइ छ। उहाँले संसद्लाई राष्ट्रिय पञ्चायत जस्तो बनाइएको आरोप लगाउनुभयो।

उहाँ भन्नुहुन्छ, 'हतारमा सभामुखसँग मिलेमतो गरेर एउटा राजनीतिक पार्टीको समर्थनमा यो सरकार बनेको त्यसको चाहनामा नेपाली कांग्रेसलाई अपोजिसनको दर्जा दिन लगाइएको छ, सभामुखको प्रयोग गरेर, त्यो एमाले पार्टीको चाहनामा भएको छ। सभामुखको कार्यालय पनि हाइज्याक भएको छ, किनभने चाँडोभन्दा चाँडो नेपाली कांग्रेसलाई अपोजिसनमा धकेल भनिएको छ। त्यो भयो भने एमालेकै चाहनामा सरकार हुने भयो।'

वरिष्ठ अधिवक्ता त्रिपाठीले अहिलेका पार्टीहरूसँग नेसन्स बिल्डिङ र ट्रान्सफरमेसनको कुनै एजेण्डा नभएको बताउनुभयो। उहाँले पार्टीहरू सत्ता र पदको लागि अवसरको खोज्ने काममा नै लागिपरेको बताउनुभयो। उहाँले प्रधानमन्त्री पुष्पकमल दाहालको पछिल्लो भूमिकाले अवसर खोज्ने कुरामा मात्रै पार्टीहरू केन्द्रित भएको पुष्टि गरेको बताउनुभयो। उहाँले राजनीतिक पार्टीहरू एजेण्डा र विचारविहीन भइसकेको बताउँदै पार्टीहरूलाई दासहरूको कुम्भ भेलाको संज्ञा दिनुभयो।

## राष्ट्रिय ...

« पृष्ठ १ बाट क्रमशः

तराईसँग जोडेको छ। तर, सडकको दुरावस्था हुँदा बागलुङका नागरिक यो सडकमा सहज रूपमा बाह्रै महिना यात्रा गर्न पाएका छैनन्। सडक निकै साँघुरो हुँदा यात्रा गर्न समस्या भएको निसीखोला गाउँपालिका-७ का तिलक खत्रीले बताउनुभयो। उहाँले सडक निकै अप्ठ्यारो हुँदा वर्षौं बित्दा पनि यातायातका साधन सहज रूपमा सञ्चालन हुन नसकेको बताउनुहुन्छ।

'यो सडक खुलेको धेरै वर्ष भयो, अहिलेसम्म गाडीहरू सर्रर चल्न पाएका छैनन्, कतै साँघुरो छ, कतै अप्ठ्यारो छ, यतिका वर्षसम्म काम नहुनु सरकारको कमजोरी हो कि, ठेकेदारको कमजोरी ?' खत्रीले भन्नुभयो, 'यस्तो सडकमा कसरी यात्रा गर्नु ?, ज्यान जोखिममा राखेर कोही पनि यात्रा गर्न मान्दैनन्, साँघुरो सडकमा गाडी पनि कसरी गुडोस् र ?' हिउँदमा साना गाडीहरू जसोतसो चल्ने गरे पनि बर्खाको समयमा ठप्प हुने गरेको उहाँको भनाइ छ। खत्रीले साँघुरो सडक हुँदा बेला बेलामा दुर्घटनासमेत हुने गरेको भन्दै यसतर्फ सरोकारवालाको ध्यान नपुगेको गुनासो पोख्नुभयो। घर अगाडि सडक भए पनि आफूहरूलाई पैदल यात्रा गर्नुपर्ने र सामान बोकेरै ढुवानी गर्नुपर्ने अवस्था रहेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'सडक छ भनेर के गर्ने समस्या परेको बेला गाडी भेटिँदैन, कोही बिरामी परे पनि बोकेरै अस्पताल पुऱ्याउनुपर्ने अवस्था छ, बर्खा लाग्यो कि सडकमा हिलो मात्रै हुन्छ, गाडी देखिन्नन्, बाटो ल्याउँदा लाखौंको जग्गा दियौं, अहिले बाटो भएर पनि गाडी चल्दैनन्।'

ढोरपाटन नगरपालिका-९ का कुलबहादुर सुनारले सडकले सहज बनाए पनि हिउँदमा धुलो र बर्खामा हिलोले आजित बनाएको बताउनुभयो। उहाँले सडक छेउमा रहेका घरहरू अहिले सबै धुलोले ढाकिएको बताउनुहुन्छ। सुनारले वर्षौं अगाडि सडकले गाउँ जोडिए पनि स्तरोन्नति नहुँदा यात्रा जोखिम हुने गरेको बताउनुभयो। 'गाउँमा सडक आउँदा निकै खुसी लागेको थियो, अहिलेसम्म पिच हुन सकेको छैन, अहिले पनि धेरै ठाउँमा सडक साँघुरा छन्, ठूला गाडीहरू चल्न सक्दैनन्, दुर्घटनाको जोखिम पनि निकै छ,' सुनारले भन्नुभयो, 'सडकले सहज त बनायो, तर बर्खाको बेला चल्दैन, बुर्तिबाङदेखि गाउँसम्म आउन पनि धेरै समय लाग्छ।'

वि.सं. २०७७ भदौ १७ गते राति आएको भिषण बाढीले विभिन्न स्थानमा सडक बगाएको थियो। बडिगाड गाउँपालिका-१० गङ्गरे, निसीखोला गाउँपालिका-७ राजकुट, वडा नम्बर १ देवीस्थान हुँदै ढोरपाटन जोडिएको सडक स्तरोन्नतिका लागि गत वर्ष ठेक्का सम्झौता भएको थियो। ठेक्का सम्झौताको १३ महिना बित्दा २३ प्रतिशत मात्रै काम भएको सालझण्डी-ढोरपाटन सडक आयोजना कार्यालयका सूचना अधिकारी इन्जिनियर शरद् आचार्यले जानकारी दिनुभयो। बुर्तिबाङदेखि फल्लेघरसम्मको सडक स्तरोन्नतिका लागि गत वर्ष कात्तिकमा स्वच्छन्द/ओम बुद्ध जेभीसँग ३० महिनामा सक्ने गरी २५ करोडको सम्झौता भएको आचार्यले बताउनुभयो। स्तरोन्नतिको कामलाई तीव्रता दिन कार्यालयले निर्देशन दिइराखेको उहाँको भनाइ छ। 'सडक चौडा गर्ने, नाली निर्माण गर्ने तथा ग्राभेलिङका लागि गत वर्ष निर्माण कम्पनीसँग सम्झौता भएको थियो, झण्डै आधा समय अवधि सकिन थाल्यो तर, काम २३ प्रतिशत मात्रै भएको छ, निर्माण कम्पनीले ढिलाइ गर्दा समस्या परेको छ,' इन्जिनियर आचार्यले भन्नुभयो, 'अझै आधा अवधि बाँकी रहेको हुँदा हामीहरूले काम गर्न ताकेता गरिरहेका छौं।'

उहाँले गङ्गरेदेखि बुर्तिबाङसम्म पनि साना-साना ठेक्का पट्टा गरी काम भइरहेको बताउनुहुन्छ। यस खण्डमा कच्ची नाली निर्माण गर्ने, साना खोलाहरूमा हिमपाइप हाल्ने काम भइरहेको आचार्यको भनाइ छ। बाह्रै महिना सडक सञ्चालनका लागि यो खण्डमा काम भएको उहाँ बताउनुहुन्छ। 'अहिले बुर्तिबाङ-ढोरपाटन खण्डलाई प्राथमिकतामा राखेर काम भइरहेको छ, गङ्गरेदेखि बुर्तिबाङसम्मको सडकमा पनि काम नभएको होइन, सानो-सानो बजेट छुट्याएर काम हुँदै छ,' उहाँले भन्नुभयो, 'राजकुट, देवीस्थानसम्मको सडकलाई केही फराकिलो बनाउने र बर्खामा पनि गाडीहरू सञ्चालन हुने गरी सडक निर्माण भइरहेको छ।'

वि.सं. २०७१ सालमा बागलुङ खण्डमा यस सडकको ट्र्याक खुलेको थियो। यो सडक बागलुङ जिल्लामा ६१ किलोमिटर सडक पर्छ भने सालझण्डीदेखि ढोरपाटनसम्म १९७ किलोमिटर रहेको छ। अहिलेसम्म २२ किलोमिटर सडक मात्रै कालोपत्रे भएको सालझण्डी-ढोरपाटन सडक आयोजना कार्यालयले जनाएको छ। यस सडकलाई यस वर्ष ४० करोड रुपैयाँ विनियोजन भएको छ।

**आज मिति २०७९ माघ १५ गते आइतबार, ई.सं २९ जनवरी, २०२३। तिथि- माघ शुक्लपक्ष अष्टमी, नक्षत्र - भरणी, योग- शुभ, करण- वव, चन्द्रराशि- मेष, सूर्योदयः ६:५४, सूर्यास्तः १७:४०।**



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

मेष : स्वास्थ्यमा समस्या आउन सक्छ।
वृष : इष्टमित्रबाट तिरस्कृत, अपमानित हुनुपर्ने अवस्था आइपर्न सक्छ।
मिथुन : आतिथ्यपूर्ण सम्मान र मीठो भोजनको प्राप्ति हुनेछ।
कर्कट : दाम्पत्य जीवन सुखद् तथा समृद्ध बन्ने देखिन्छ।
सिंह : यात्रामा पनि झण्झट आइलाग्नेछ।
कन्या : पराक्रम र उत्साहमा कमी आउनेछ।
तुला : अतिथिका रूपमा सम्मान पाइनेछ।
वृश्चिक : सामान हराउने वा चोरी हुने सम्भावना छ।
धनु : परिवारका सदस्य बिरामी पर्नाले तनाव उत्पन्न हुनेछ।
मकर : आँटेताकेका काममा बाधा हुनेछ।
कुम्भ : सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ।
मीन : रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ।

## अब के होला ...

« पृष्ठ १ बाट क्रमशः

लामिछानेको सांसद पद खारेज भएको हो। सांसद पद खारेज भएसँगै उहाँको मन्त्री र पार्टीको सभापति पदसमेत गुमेको छ। सर्वोच्चको फैसला स्वयं रविले सहर्ष स्वीकार गरिसके पनि कतिपयलाई भने अस्वाभाविक लागेको छ। रविप्रति सहानुभूति राख्ने उहाँका समर्थकहरूले फैसलाका विरुद्धमा विभिन्न टीका टिप्पणी गरिरहेका छन्।

चुनावअघि मात्रै सञ्चारकर्म छोडेर राजनीतिमा होमिनुभएका लामिछाने छोटो समयमै उदाएर छोटै समयमा तत्कालका लागि पदविहीन हुनुभएको छ। लामिछाने नेतृत्वको रास्वपाले प्रत्यक्षमा सात र समानुपातिकमा १३ सिट जितेर सनसनी मच्चाएको थियो। परम्परागत शक्तिलाई चुनौती दिँदै २० सिटसहित रास्वपा चौथो शक्तिको रूपमा स्थापित भएको थियो। चुनावअघि मात्रै गठन गरेको पार्टीले गत निर्वाचनमा पाएको अभूतपूर्व विश्वासपछि उहाँ उपप्रधानसहित गृहमन्त्री बन्नुभएको थियो। सरकारमा सामेल भएको एक महिनामै उहाँले तत्कालका लागि सबै गुमाउनुभएको छ। तत्कालका लागि सबै गुमे पनि निकट भविष्यमै पुन: राजनीतिमा उदाउने शुभेक्छुक/समर्थकको विश्वास छ। प्रक्रिया पूरा गरेर फेरि नेपाली नागरिकता लिँदै उहाँ फेरि शक्तिमा फर्किने उनीहरूको विश्वास छ। उहाँका कतिपय आलोचकहरूले अब फेरि राजनीतिमा पुनरागमन हुन समय लाग्ने तर्क गरिरहेका छन्। रविले नागरिकता दिन निवेदन दिएलगत्तै नागरिकता फेरि प्राप्त गर्न सक्नुहुनेछ। नागरिकता पाउनेबित्तिकैदेखि उहाँ कानुनी रूपमा चुनाव लड्न योग्य हुनुहुनेछ। तर, रविमाथि दोहोरो पासपोर्टको मुद्दा पनि अनुसन्धानमा रहेकाले यसबारे हुने निर्णयले उहाँको राजनीतिक यात्रा तय गर्नेछ। कतिपयले राहदानीसम्बन्धी यो मुद्दामा उहाँ जेलसमेत जानसक्ने तर्क गरिरहेका छन्।

## लामिछानेको पक्षमा प्रदर्शन

रवि लामिछानेको नागरिकतासम्बन्धी विवादमा सर्वोच्च अदालतले गरेको फैसलाको विरोधमा शनिबार काठमाडौंमा प्रदर्शन भएको छ। युवाहरूको एक समूहले काठमाडौंको माइतीघरदेखि बानेश्वरसम्म प्रदर्शन गरेका हुन्। प्रदर्शनमा सहभागीहरूले रवि लामिछानेलाई सुनियोजित रूपमा फसाइएको आरोप लगाएका छन्। शुक्रबार सर्वोच्चले लामिछानेको नागरिकतामा कैफियत देखाउँदै सांसद हुन अयोग्य ठहर गरेको थियो। सर्वोच्चको फैसलासँगै उहाँको मन्त्री पद र पार्टी सभापतिको पदसमेत गुमेको छ।

## कोही आत्तिनु पर्दैन ...

« पृष्ठ १ बाट क्रमशः

सर्वोच्च अदालतको फैसलापछि गृहमन्त्री रवि लामिछानेले पदत्याग गर्नुपरेको प्रसंग उल्लेख गर्दै नेता नेम्वाङले ती समस्यालाई संविधानअन्तर्गत नै हल गरेर अघि बढ्न आफूहरू सक्षम रहेको बताउनुभयो। शहीद दिवसको अवसरमा शनिबार (एमाले)ले च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै उपाध्यक्ष नेम्वाङले नेपाली जनता आफैंले बनाएको संविधान बुद्धिमानीपूर्वक कार्यान्वयन गर्ने बताउनुभयो। मुलुकमा देखा परेका समस्याहरूलाई समाधान गर्न राजनीतिक दलहरूसमक्ष रहेको उहाँको भनाइ छ। 'सम्मानित सर्वोच्च अदालतको फैसलाले गृहमन्त्रीले राजीनामा गर्नुपर्ने अवस्था भयो। अब के हुन्छ ?' उहाँले भन्नुभयो, 'प्रश्न उठेको छ, 'यी सबै घटनाक्रमहरूलाई स्वाभाविक रूपमा संविधानअन्तर्गत राजनीतिक दलहरू एउटा टुंगोमा पुऱ्याउन सक्षम छौं। पुऱ्याउँछौं। यसमा अलिकति पनि आत्तिनुपर्ने चिन्ता गर्नुपर्ने कुरा छैन।'

## लामिछाने अनागरिक ...

« पृष्ठ १ बाट क्रमशः

गरिरहेका बेला राप्रपा वरिष्ठ नेता मिश्रले भने लामिछाने नेपालको संविधानअनुसार नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गर्न योग्य नागरिक भएको बताउनुभएको हो। 'नेपालको संविधान, पृष्ठ ४ मा 'नेपालको नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू नेपालको नागरिक हुनेछन् भन्ने उल्लेख छ,' उहाँले भन्नुभएको छ, 'उनी नागरिकता प्रमाणपत्र प्राप्त गर्न योग्य नेपाली नागरिक हुन्। तसर्थ अनागरिक/राज्यविहीन होइनन्।' सर्वोच्च अदालतको फैसलापछि स्वयम् लामिछानेले समेत आफू अनागरिक बनेको बताउनुभएको थियो।

## लामिछानेको मुद्दाले ...

« पृष्ठ १ बाट क्रमशः

आइरहेको भए पनि फैसलाले एनआरएनहरूलाई कुनै असर नपर्ने उहाँले बताउनुभयो। 'गैरआवासीय नेपालीको एकपटकको नेपाली सधैंको नेपाली अभियानलाई पूर्णविराम लगायो, नेपालको सम्पत्ति असुरक्षित हुने भयो, एनआरएनको लागि कालो दिन' आदि प्रतिक्रियामा सत्यता नरहेको उहाँको भनाइ छ। 'विदेशी नागरिकता त्याग्नेबित्तिकै नेपालको नागरिकता पुन: प्राप्ति गर्न सकिन्छ। अहिलेको कानुन यति धेरै उदार बनाइएको छ कि नेपाल फर्केको भोलिपल्टदेखि नै राजनीतिमा प्रवेश गर्न पाएका छन्,' उहाँले भन्नुभयो, 'यो उदार व्यवस्थालाई सही किसिमले सदुपयोग गर्न सक्नुपर्छ।' फैसलाले गैरआवासीय नेपालीलाई थप सचेतसमेत गराएको उहाँको भनाइ छ।

## चितवन-२ ...

« पृष्ठ १ बाट क्रमशः

क्षेत्र नम्बर २ बाट निर्वाचित हुनुभएको थियो। राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बन्नुभएका लामिछाने ४९ हजार ३०० मत ल्याएर विजयी हुँदा प्रतिद्वन्द्वी कांग्रेसका उमेश श्रेष्ठले १४ हजार ९८८ मत ल्याउनुभएको थियो भने अर्का प्रतिस्पर्धी एमालेका कृष्णभक्त पोखरेलले १४ हजार ६५२ मत प्राप्त गर्नुभएको थियो। अब धेरैको ध्यान चितवन-२ मा कहिले उपनिर्वाचन हुन्छ भन्नेमा छ। रिक्त भएको पदमा कहिले उपनिर्वाचन गर्ने भन्ने प्रष्ट छैन। सरकारले आफ्नो अनुकूलतमा उपनिर्वाचनको मिति तोक्ने गर्छ। अब चितवन-२ मा कहिले उपनिर्वाचन गर्ने भन्ने सरकारमा भर पर्नेछ।

# कोहलपुरमा खुलामञ्च निर्माण गरिँदै

शुभाकर विश्वकर्मा/हिटा
नेपालगञ्ज, १४ माघ

कोहलपुर-११ न्युरोडस्थित मैदानमा खुलामञ्च निर्माण गरिने भएको छ । नगर विकास समितिले ठेक्का प्रक्रियामार्फत् मञ्च निर्माण गर्ने भएको हो । मञ्च निर्माणका लागि ठेक्का आह्वान भएर सम्झौतासमेत भइसकेको छ । नगर विकास समितिका अनुसार ९९ लाख रुपैयाँ लागतमा मञ्च निर्माणका लागि गत मंसिर ११ गते नगर विकास समिति र ठेकेदार कम्पनीबीच सम्झौता भएको थियो । इन्जिनियर विराज अर्यालले मञ्च निर्माणका लागि गत भदौ महिनामा ठेक्का आह्वान गरिएको बताउनुभयो । ठेक्का प्रक्रियामार्फत् मञ्च निर्माण जिम्मा सुप्रिम निर्माण सेवा वीरेन्द्रनगर-११, सुर्खेतले पाएको छ । निर्माण कम्पनीका साइड इन्चार्ज चन्द्रप्रकाश खड्का सम्झौता भए पनि विवादका कारण अझै काम सुरु हुन नसकेको बताउनुहुन्छ । असार मसान्तसम्म निर्माण सम्पन्न गरिसक्नुपर्ने सम्झौतामा उल्लेख छ ।

तर, मञ्च निर्माण गर्ने जग्गा विवादका कारण सम्झौता भएको दुई महिना बितिसक्दासमेत काम सुरु हुन सकेको छैन । डिभिजन वन कार्यालयले लामो समयदेखि भोगचलन गरिरहेको जग्गामा निर्माण कार्य सुरु गर्न लाग्दा अवरोध सिर्जना भएको छ । लामो समयदेखि कार्यालयले भोगचलन गर्दै आएको भन्दै कार्यालयले निर्माण कार्यमा अवरोध सिर्जना गरेको हो । बुधबार निर्माण कार्य सुरु गर्नका लागि निर्माण व्यवसायी र नगर विकास समिति डोजरसहित त्यहाँ पुगेका थिए । तर, वन कार्यालयका कर्मचारीहरूले निर्माण कार्यमा अवरोध पुऱ्याए । सोही कोहलपुर नगर प्रहरीले बल प्रयोग गरेर काम गर्न खोजे पनि सफल हुन सकेन ।

डिभिजन वन कार्यालय कोहलपुरका प्रमुख लालबहादुर चौधरीका अनुसार उक्त जग्गा वन कार्यालयले २०२२ सालदेखि भोगचलन र संरक्षण गर्दै आएको छ । वन कार्यालयले उक्त जग्गा नगर विकासको मातहतमा रहेको कागज उपलब्ध गराउन भने पनि उपलब्ध नभएको उहाँले बताउनुभयो । उहाँले उल्टै कोहलपुर नगरपालिकाले अहिले निर्माण गरिरहेको प्रशासनिक जमिनमा जंगल क्षेत्र र ऐलानी जग्गामा निर्माण भइरहेको भन्दै त्यसको छानबिन हुनुपर्ने माग गरेका छन् । 'हामी २०२२ सालदेखि यहाँ बस्दै आएका छौं । हामी दुवै सरकारी निकाय हो । विवाद नगरौं । समन्वयमा काम गरौं भनेको छु । तर, मेयरसावले समन्वय गर्नुभएन,' उहाँले भन्नुभयो । उक्त जग्गा १० धुर क्षेत्रफलमा फैलिएको छ । सरकारी कागजातमा गभर्मेन्ट सेक्टर उल्लेख गरिएको उहाँको दाबी छ । त्यहाँ रहेका रुखहरू काट्नसमेत इलाका वन कार्यालयले अवरोध गरिरहेको छ । नगर विकास समितिले आफ्नो नाममा भएको जग्गाको कित्ता नम्बर र क्षेत्रफल खुलाउनुपर्ने उहाँको माग थियो ।

यता, नगर विकास समितिले त्यहाँ रहेको जग्गा खाली गर्नका लागि वन कार्यालयलाई पटक-पटक लिखितरूपमा पत्र लेखेको पाइएको छ । जग्गा खाली गर्नका लागि पछिल्लोपटक पुस ९ गते नगर विकास समितिले पत्र लेखेको थियो । नगर प्रमुख एवं नगर विकास समितिका अध्यक्ष पूर्णप्रसाद आचार्य र प्रमुख प्रशासकीय अधिकृत एवं नगर विकास समितिका सदस्य-सचिव टीकाराम ढकालद्वारा हस्ताक्षरित पत्रमा नगर विकास समितिको नाममा दर्ता श्रेस्ता कायम भएको र नियमित मालपोतमा कर तिरिरहेको कित्ता नम्बर ३९६ प्लट नम्बर ८७३ को खुला क्षेत्र (गभर्मेन्ट सेक्टर- २) मा जग्गा लामो समयदेखि प्रयोग/ अतिक्रमण गरेको पाइएको उल्लेख गरिएको छ ।

नगर विकास समितिले उक्त स्थानमा खुलामञ्च निर्माण गर्ने र त्यसका लागि प्रक्रियासमेत अघि बढिसकेकाले उक्त तारबार गरेको जग्गा नगर विकाससँग समन्वय गरी सात दिनभित्र खाली गराउन अनुरोध गरिएको छ । उक्त पत्रमै डिभिजन वन कार्यालयलाई आफ्नो नाममा दर्ता श्रेस्ता वा भोगाधिकार प्रमाणपत्र पेश गर्न पत्राचार गरिएकोमा प्राप्त नभएको दाबी गरिएको छ । साथै उक्त पत्र समन्वय र सहजीकरणका लागि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय बाँके र सब-डिभिजन कार्यालयलाई बोधार्थ दिइएको छ । ढकालले नगर विकास समितिलाई जग्गा खाली गर्नका लागि दुईपटक लिखित पत्राचार गरिएको बताउनुभयो । नगर विकास समितिको नाममा रहेको जग्गाधनी दर्ता प्रमाण पुर्जामा कित्ता नम्बर ३९६ मा विसं २०५३ असार ९ गते अदालतबाट फैसला भएको उल्लेख छ ।

# भैरहवा भन्सार कार्यालयमा राजस्व संकलनमा कमी

हिमालय टाइम्स
भैरहवा, १४ माघ

भन्सार हुँदै नियमितरूपमा आउने मालवस्तुमा अनिवार्य मार्जिन र आयातमै प्रतिबन्ध लगाउँदा भैरहवा भन्सार कार्यालयमा राजस्व संकलनमा असर परेको छ । जिप, कार र भ्यानलगायतका वस्तु आयातमा अनिवार्य मार्जिन राख्नुपर्ने व्यवस्था गरेसँगै राजस्व संकलनको मुख्य आधार रहेका ती वस्तुको आयात नहुँदा भन्सारको राजस्व लक्ष्यमा ठूलो गिरावट आएको हो ।

भैरहवा भन्सार कार्यालयका प्रमुख मणिराम पौडेलले अघिल्लो वर्षको तुलनामा यस वर्ष ३१ अर्ब ७३ करोड अर्थात् ४७ प्रतिशत राजस्व संकलनमा कमी आएको बताउनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०७८/७९ को पुस मसान्तसम्म एक खर्ब ६२ अर्ब ९१ करोडमा मालवस्तु आयात हुँदा ६७ अर्ब १८ करोड राजस्व संकलन भएकोमा यो आर्थिक वर्ष २०७९/८० मा एक खर्ब १२ अर्ब ९३ करोडका मालवस्तु आयात हुँदा ३५ अर्ब ४४ करोड राजस्व संकलन भएको छ । जसबाट गत वर्ष लक्ष्यभन्दा तीन प्रतिशत बढी राजस्व संकलन गरेकोमा अहिले लक्ष्यको ५२ प्रतिशतले कमी छ ।

आयात गर्दा अनिवार्य मार्जिन आयातमा प्रतिबन्ध लगाएका कारण राजस्व संकलनमा कमी आएको छ । नेपालकै दोस्रो ठूलो भन्सार नाकाका रूपमा रहेको भैरहवा भन्सार कार्यालयले पछिल्लो १३ महिनादेखि निरन्तर राजस्व संकलन लक्ष्यअनुरूप गर्न नसकेर घटोत्तरीतर्फ जाँदैछ । भैरहवा भन्सार कार्यालयको तथ्यांकअनुसार २०७८ मंसिरसम्म लक्ष्यअनुरूप सफलता हासिल भए पनि पुसपछि लक्ष्य प्राप्त नै नभई आयात घट्दै गएको छ ।

आर्थिक वर्ष २०७९/८० को सुरुवातसँगै लक्ष्य निरन्तर घट्दोक्रममा छ । पहिलो महिना साउनमा लक्ष्यको ७० दशमलव ९८ प्रतिशत राजस्व संकलन भए पनि भदौमा ६७, असोजमा ४१, कात्तिकमा ४०, मंसिरमा ३९ र पुसमा ४० दशमलव ५७ प्रतिशतमा सीमित रह्यो । यसको मुख्य कारण राजस्वमा योगदान गर्ने मुख्य वस्तु भन्सार यार्डमा नआउनु नै हो । २०७८ पुस ५ गतेदेखि नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय विदेशी विनिमय व्यवस्थापन विभागले 'क' वर्गको वाणिज्य बैंक र 'ख' वर्गको विकास बैंकलाई विभिन्न २० वटा हार्मोनिक कोडअन्तर्गतको वस्तुको एलसी खोल्दा अनिवार्य तोकिएको मार्जिन प्रतिशत लिनुपर्ने प्रावधान लागू गरेसँगै लक्ष्य पार गर्न सकस भएकोमा अहिले आएर खोलिएको र यसले लक्ष्य प्राप्तिमा सहयोग पुग्ने अपेक्षा रहेको भन्सार कार्यालय प्रमुख पौडेलले बताउनुभयो ।

चालु आर्थिक वर्षमा भन्सार विभागले भैरहवा भन्सार कार्यालयलाई गत आर्थिक वर्षभन्दा ३४ प्रतिशत बढी अर्थात् एक खर्ब ५५ अर्ब ६० करोड ३८ लाख राजस्व संकलनको लक्ष्य दिएको छ । ६ महिना बितिसक्दा पनि लक्ष्यको २२ दशमलव ७८ प्रतिशत अर्थात् ३५ अर्ब ४४ करोड २२ लाख १२ हजार राजस्व संकलन गर्न सकेको छ ।


नेपाल सरकार
कृषि तथा पशुपन्छि विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशुपन्छि श्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय
बाख्रा अनुवांशिक श्रोत केन्द्र
बुढिटोला, कैलाली

**बोलपत्र छनोट गर्ने आशयपत्रको सूचना**

सूचना प्रकाशित मिति :२०७९।१०।१५

यस केन्द्रबाट मिति २०७९।०८।१२ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्य तपशील बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले उक्त बोलपत्र स्वीकृतीका लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरु लाई यसै सूचना द्वारा जानकारी गराईन्छ ।

तपशील

| सि.नं | खरिद नं. | खरिद कार्यको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु.(मु.अ.क. बाहेक) |
|---|---|---|---|---|
| 1. | NCB/GGRC/02/2079-080 | कार्यालय भवन निर्माण कार्य | pashupati construction Dhangadhi, 7 kailali | 81,01,880.50 |

केन्द्र प्रमुख

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति (२०७९/१०/१५)

यस कार्यालयको मिति २०७९/०८/१८ गतेको हिमालय टाइम्समा दोस्रो पटक प्रकाशित निम्न कार्यको बोलपत्र सूचना आह्वान भए अनुसार प्राप्त बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कूल कबोल रकम (मू.अ.कर समेतको) |
|---|---|---|---|---|
| 1 | GHRM/Sindhuli/Works/NCB/02/079/080 | Chandanpur–Salle–Kerabari–Gairi–Bhaise–Bastipur–Satdobato Samma Sadak Nirman | Siddhakali/Dahal J.V.,Kamalamai–03, Sindhuli | Nrs. 1,91,29,772.05 |

प्रमुख प्रशासकीय अधिकृत

Provincial Government
Bagmati Province
Ministry of land Management, Cooperatives and Poverty Alleviation
Sahakari Prashikshyalaya
Bharatpur, Chitwan

**Invitation For Bids**

*Date of Publication: 2079/10/15 (2023/01/29)*

1. The Sahakari Prashikshyalaya, Bharatpur, Chitwan invites sealed bids from Nepalese eligible bidders for the Procurement of following works under National Competitive Bidding Procedure

| S.N | Contract ID No. | Name Of Procurement | Estimated Amount (Including VAT & Contingencies) | Bid Security Amount (Nrs.) | Bid Document Price (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | SP/CH/NCB/WORK/2079/80-1 | Sahakari Prashikshyalaya Building Construction, Bharatpur, Chitwan | 34,99,913.11 | 87500.00 | 3,000 /- (Three Thousand Only) |

2. The bidder shall submit their bid through Hard copy procedure only by hand on or before 12:00 noon 2079/11/16(2023/02/28). No electronic bid submission shall be entertained.
3. For further more information refer the bids published Contract **Sahakari Prashikshyalaya, Bharatpur, Chitwan**, Contact no:- 056-493445 or 9855092256, Email id:- **Chitwancooperative@gmail.com**
4. A complete set of Bidding Documents must be purchased from the office of **Sahakari Prashikshyalaya, Bharatpur, Chitwan**, by eligible Bidders on the submission of written application, along with copy of company/firm registration certificate, tax clearance certificate valid for F/Y 2078/79 and upon payment of a non-refundable fee of Nrs 3,000 during office hours.

Office Chief

Bagmati Rural Municipality
Jhurjhure, Makawanpur

**Invitation for Electronic Bids for the Procurement of Works**

Date of Publication: 2079/10/15

**Bagmati Rural Municipality, Jhurjhure, Makawanpur Invites electronic bids from eligible** bidders for the procurement of Following items under National Competitive Bidding Procedures specified in Public Procurement Act-2063 and Regulations-2064. Eligible Bidders may obtain further information and inspect each bidding documents at Bagamati Rural Municipality, Bagmati -4, Jhurjhure, Makawanpur
Tel: 9845361066, 9866484834, website: http://bagmatimunmakawanpur.gov.np/or may visit PPMO egp system : https://www.bolpatra.gov.np/egp/

| Contract ID No. | Description of Particulars | Estimated Amount Inclusive VAT (NRs.) | Amount for Bidding Document (NRs.) | Amount of Bid Security (NRs.) |
|---|---|---|---|---|
| BRM/NCB/WORKS/07/2079/080 | Construction of Causeway, Side drain, Retaining wall at lamkana Raigaun sadak | 1,94,36,224.2/- | 3,000.00/- | 4,15,000/- |
| BRM/NCB/GOODS/06/2079/080 | Construction of Rigid Road, Causeway and Side drain at Raigaun canteen motor bato | 1,36,95,466.56/- | 3,000.00/- | 3,00,000/- |

Chief Administrative Officer


**लक्ष्मी बैंक लिमिटेडका ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता तथा ऋणीसँग सम्बद्ध सबैलाई ऋण कर्जा चुक्ता गर्ने गराउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना ।**

(प्रकाशित मिति २०७९/१०/१५)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋण कर्जा चुक्ता भुक्तानी गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकमा सम्पर्क राखी कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फर्छ्यौट गरी गराई लेखिदिएको धितो फुकुवा गरी लैजानको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी/धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ताले समेत यसै सूचना बमोजिम ऋणीलाई कर्जा चुक्ता गर्न लगाउनुहुन वा आफ्नो दायित्व बमोजिम कर्जा चुक्ता गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन/निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षण बापत धितो रहेको तपसिल बमोजिमको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै चल-अचल सम्पत्ति लगायत जमानतकर्ता समेतको चल-अचल सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य प्रक्रिया अवलम्बन गरी कर्जा असुल उपर गरी लिने र/वा/तथा कानून बमोजिम कर्जा असुलीको लागि अड्डा अदालतमा मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

| ऋणी तथा जमानतकर्ताको विवरण | फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|
| १) **ऋणीको नाम** : प्रदेश २ सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग, वाणिज्य तथा उपभोक्ता संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहामा प्राईभेट फर्म दर्ताको प्रमाण पत्र प्रा.फ.र.नं. १०१६१/२०७५/०७६ स्थानिय व्यापार मिति २०७६/०२/१९ मा दर्ता भई सिराहा जिल्ला अयोध्यानगर ५-क, हाल धनगढीमाई न.पा. वडा नं. ८ मा रजिष्टर्ड ठेगाना रहेको, आन्तरिक राजस्व कार्यालय, लहानमा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६११०६३६६७ मिति २०७६/०४/१५ मा दर्ता भएको **श्री योगेश कन्सल्ट एण्ड साडी हाउस ।** **प्रोप्राईटर: श्री योगेश कुमार सिंह** (ना.प्र.नं. १५-०१-७२-०१७५६ जिल्ला प्रशासन कार्यालय सिराहा जारी मिति २०७२/०३/२१) **बाबु** : श्री राम पुकार महतो **बाजे** : श्री गुदरी महतो । **ठेगाना** : सिराहा जिल्ला अयोध्यानगर न.पा./गा.वि.स. वडा नं. ६ भई हाल सिराहा जिल्ला धनगढीमाई न.पा. वडा नं ८ । **व्यक्तिगत तथा धितो जमानतकर्ता : श्री राम पुकार महतो** (ना.प्र.नं. ३४४/१३२/७/२५०८ जिल्ला प्रशासन कार्यालय सिराहा जारी मिति २०४४/१२/१३) **बाबु** : श्री गुदरी महतो **बाजे** : लखन महतो **ठेगाना** : सिराहा जिल्ला अयोध्यानगर न.पा./गा.वि.स. वडा नं. ६ भई हाल सिराहा जिल्ला धनगढीमाई न.पा. वडा नं ८ । |   | १. व्यक्तिगत तथा धितो जमानतकर्ता **श्री राम पुकार महतोको** नाममा मालपोत कार्यालय लहान सिराहाको लगतमा दर्ता श्रेस्ता कायम रहेको सिराहा जिल्ला अयोध्यानगर न.पा./साबिक वडा नं. ५/क स्थित कित्ता नं. ११२२ को क्षेत्रफल ०-२-४-० को जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण बिगाबगापात समेत । २. ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात/स्टकहरु तथा ऋणीले बजारबाट उठाउन बाँकी रहेको उधारी लगायतको सम्पूर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि छुट्टा छुट्टै गरिदिएको हाइपोथिकेशन । |
| २) **संयुक्त ऋणीहरुको नाम : श्री लक्ष्मी नारायण चौधरी, श्रीमती शारदा बस्नेत तथा अरविन्द कुमार चौधरी** क) **श्री लक्ष्मी नारायण चौधरी** (ना.प्र.नं.८९३९१४०६-२१४१ जिल्ला प्रशासन कार्यालय सिराहा जारी मिति २०३३/१२/०२) **बाबु** : सेवकलाल चौधरी **बाजे** : राम चन्द्र चौधरी **ठेगाना** : सिराहा जिल्ला सिलापुर प्र.ब. न.पा./गा.वि.स. वडा नं. १ भई हाल सिराहा जिल्ला सखुवानन्कारकट्टी न.पा./गा.पा. वडा नं. १ । ख) **श्रीमती शारदा बस्नेत** (ना.प्र.नं.८८०४०७/१ जिल्ला प्रशासन कार्यालय सिराहा जारी मिति २०४४/११/१४) **बाबु** : रविलाल चौधरी **ससुरा** : सेवकलाल चौधरी **पति** : लक्ष्मी नारायण चौधरी **ठेगाना** : सिराहा जिल्ला मौवाही न.पा./गा.वि.स. वडा नं. ३ भई हाल सिराहा जिल्ला सखुवानन्कारकट्टी न.पा./गा.पा. वडा नं. १ । ग) **श्री अरविन्द कुमार चौधरी** (ना.प्र.नं.१६५/४७/१८६५ ईलाका प्रशासन कार्यालय लहान जारी मिति २०५६/११/१०) **बाबु** : लक्ष्मी नारायण चौधरी **बाजे** : सेवकलाल चौधरी **ठेगाना** : सिराहा जिल्ला मौवाही न.पा./गा.वि.स.वडा नं. ३ भई हाल सिराहा जिल्ला सखुवानन्कारकट्टी न.पा./गा.पा. वडा नं. १ । |    | १. ऋणी मध्येकी **श्रीमती शारदा बस्नेतका** नाममा मालपोत कार्यालय लहानका लगतमा दर्ता श्रेस्ता रहेको सिराहा जिल्ला मौवाही न.पा./गा.पा. वडा नं. ३ स्थित कित्ता नं. ५८९, र ५८० को क्षेत्रफल क्रमश: ०-१०-८, ०-०-१५ तथा ऐ.ऐ. वडा नं. ४ स्थित कित्ता नं. ३६६ को क्षेत्रफल ०-४-१२ जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण बिगाबगापात । २. ऋणी मध्येको **श्री लक्ष्मी नारायण चौधरीका** नाममा मालपोत कार्यालय लहानका लगतमा दर्ता श्रेस्ता रहेको सिराहा जिल्ला मौवाही न.पा./गा.पा. वडा नं. ३ स्थित कित्ता नं. ३२० को क्षेत्रफल ०-०-१३ जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण बिगाबगापात । |

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन: ४४४४६८४/८५, पो.ब.नं.: १९५९३
Email: info@laxmibank.com, URL: www.laxmibank.com

## सम्पादकीय

# गलत कामविरुद्ध सही निर्णय

सर्वोच्च न्यायालयले गरेका फैसलाहरूमध्ये सबैभन्दा सजिलो तर सर्वाधिक मानिसहरूले अत्यन्त कठिन र विवादास्पद मानिरहेको रवि लामिछानेको नागरिकता मुद्दा हुनसक्छ । ढुंगालाई समेत भगवान् मानेर पूजा गर्ने आस्थावान् समाजका सामु अलिक फरक, अलिक मन छुने हल्ला चलाउनेहरूलाई त साक्षात् ईश्वर नै बनाउने डरलाग्दो र भ्रान्त खेतीको सिकार यतिखेर नेपाली समाज पनि भइरहेछको छ । आँखा चिम्लेर समर्थन गरिएको व्यक्तिमा कुनै दोष नदेख्नु, दोष देखिए पनि सकेसम्म ढाकछोप गर्नु र निरर्थक बहस गर्नु परम्परा जस्तै छ । विकसित होस् कि अविकसित समाज त समाज नै हो ।

करिब आठ वर्ष नेपाली विद्युतीय सञ्चारमाध्यमलाई आफ्नो प्रभाव छायाँमा राखेर स्थापित लोकप्रियताकै आडमा युवा पत्रकार रवि लामिछाने संघीय लोकतान्त्रिक गणतन्त्रको प्रतिनिधिसभामा सर्वाधिक लोकप्रिय मतसहित पुगेको एक महिनामै सत्ताको शिखरबाट शुष्क खाल्डोमा एकैपटक खसेका छन् । उनको यो सत्तापतनको कारण अरू कोही नभएर उनी आफैँ हुन् । संविधान र कानुनको व्याख्या गर्ने र तदनुरूप फैसला गर्ने निकायमात्रै हो स्वतन्त्र न्यायालय । अदालत कसैको दण्डको कारण हुनसक्दैन । आफ्ना पितामाता र पुर्खाको थातथलो नेपाल राष्ट्रबाट वंशजका हैसियतले नागरिकता लिएका रवि लामिछाने यो देशलाई चटक्क छाडेर अमेरिका गए ।

अमेरिका, अष्ट्रेलिया, क्यानडा र अन्य अनेक युरोपीय देशतिर नेपाली नागरिकहरू अध्ययन र रोजगारीमा छन् । उनीहरूले एक प्रकारको श्रमस्वीकृति अर्थात् ग्रीन कार्ड, पीआर आदि मात्रैका भरमा लामो समयसम्म योग्यता विकास, सेवा, अनुभव र आर्जन गरिरहेका छन् । हजारको संख्या नभएर लाख र लाखौंको संख्यामा नेपालीहरू काममा छन् तर तीमध्ये केहीले मात्रै नेपालको नागरिकता परित्याग गरी राजनीतिक अधिकार पाउने गरी सम्बन्धित देशको नागरिकता लिएको देखिन्छ । त्यसरी नै नेपालको नागरिकता परित्याग गरेर अमेरिकी नागरिकता लिनेमा एक रवि लामिछाने पनि हुन् । कारण अज्ञात भए पनि केही वर्षपश्चात् रविले अमेरिकी नागरिकता परित्याग गरी नेपालमा आएर बस्ने निर्णय गरे ।

उनलाई यो सुविधा नेपालको संविधान र कानुनले नै प्रदान गरेको छ तर दुइटा सर्त पूरा गरेको हुनुपर्छ । पहिलो सम्बन्धित देशको नागरिकता परित्याग गरेको औपचारिक जानकारी दिनुपर्छ र दोस्रो हो पहिले परित्याग गर्दाको अवस्थामा रहेको अभिलेखका साथ नागरिकता पुन: प्राप्तिका लागि निवेदन दिनुपर्दछ । रविले पहिलो काम गरे पनि नेपालको नागरिकता पुन:पाप्तिका लागि कुनै प्रक्रियाको आवश्यकता अनुभव गरेनन् । उनले नेपालको कानुन र विधिलाई ह्याकुलाले मिच्ने काम गरे वा उनलाई यस विषयको जानकारी नै भएन ।

रवि जस्तो लोकप्रिय सञ्चारकर्मीले राजनीतिमा फड्को मारेकोमा कतिपयलाई चिन्ता भयो होला, कतिपयलाई इर्ष्या भयो होला, कतिपयमा नयाँ सपना र सम्भावनाको विश्वास पलायो होला, कतिपयलाई लोकतान्त्रिक धारको वैकल्पिक राजनीतिक शक्ति उदित भएको अनुभव भयो होला । रविले विद्युतीय सञ्चारमाध्यममा नेपाली राजनीतिमा जरो गाडेका अनेक विकृतिविरुद्ध आफूलाई आक्रामक बनाउँदा मतदाताले परिवर्तनको आशा यस्तैबाट हुने सपना देखेका होलान् र नै आँखा चिम्म पारेर रविका पक्षमा जनमत आश्चर्य लाग्दो गरी जुट्न पुग्यो । जनसमर्थनलाई आफ्नो राजनीतिक, आर्थिक, कानुनी र वैधानिक ऊर्जा ठान्दै रविले गर्नै पर्ने विधिसम्मत प्रक्रियालाई समेत उपेक्षा गरेका थिए ।

तर, प्रशासनिक निकाय, संवैधानिक निकाय निर्वाचन आयोग र सत्ता स्वार्थमा चुर्लुम डुबेको राजनीतिक नेतृत्वले पनि रविले पालना गर्नुपर्ने विधिबारे आँखा चिम्लेको हुनाले एक्लो रविमात्रै दोषी हुन् भनेर मान्न हुँदैन । यसमा वर्तमान निर्वाचन आयोग सबैभन्दा बढी जिम्मेदार छ । रविले राजनीतिक दल दर्ता गर्दा उनले पहिलेको नागरिकता अर्थात् अमेरिकी नागरिकता परित्याग गरेको सार्वजनिक भएको अवस्था थियो । त्यसरी परित्याग गरेपछि नेपाली नागरिकता पुन:प्राप्ति गरेको छ/छैन भनेर निर्वाचन आयोगले किन विचार गरेन ? कानुनमा के कस्तो व्यवस्था रहेको छ भन्ने हेक्कासमेत नराखी रविको अध्यक्षतामा राष्ट्रिय स्वतन्त्र पार्टी कसरी विधिसम्मत दर्ता भयो ? निर्वाचन आयोगका प्रमुख निकै जानकार भाषण गरिरहेको सुनिन्छ ।

उनी निर्देशन र आदेश दिन निकै सिपालु लाग्छन् । तर, रविका हकमा आयोग किन मौन ? अब प्रश्न उठ्छ : अवैधानिक व्यक्तिको अध्यक्षतामा दर्ता भएको दल वैधानिक कसरी हुन्छ ? अवैधानिक व्यक्तिको हस्ताक्षरबाट उम्मेद्वार भएका, विजयी भएका सांसदहरू कसरी वैधानिक हुन सक्छन् ? यस्तो अवैधानिक व्यक्तिको उम्मेदवारीका कारण सम्बन्धित क्षेत्रमा भएको चुनावी खर्चको भार कसले लिने ? र किन लिने ? रविले विजय हासिल गरेको चितवन दुईमा त निर्वाचन हुने नै भयो । सम्पन्न निर्वाचनमा अवैधानिक व्यक्तिको उम्मेदवारीसमेत भएको हुनाले अब हुने निर्वाचन उपचुनाव हो कि सम्पन्न निर्वाचनकै हिस्सा ? यसको उत्तर निर्वाचन आयोगले नै खोज्नुपर्ने हुन्छ ।

रविका विषयमा यसभन्दा पनि जटिल अर्को प्रकरण सुनिन्छ । विसं २०७० देखि २०७५ सम्म उनले नेपाली र अमेरिकी दुवै नागरिकता प्रमाणका आधारहरू प्रयोग गरिरहेका थिए । उनले पासपोर्टसमेत दोहोरो कागजातका आधारमा लिएको भन्ने विषयमा अनुसन्धान भइरहेको छ । गृह मन्त्रालयअन्तर्गत अनुसन्धान अधिकारीहरूले कस्तो अनुसन्धान गरिरहेका छन् ? प्रतिवेदनपश्चात् थाहा हुनेछ । तर रविले विजयी हुनासाथमा ओवादी र एमाले नेतृत्व समक्ष आफूलाई गृह मन्त्रालयको कार्यभार दिने सर्तअगाडि सारेको निकटस्थहरू बताइरहेका थिए । सो सर्तकै आधारमा उनी सत्ता गठबन्धनमा सहभागी भएको अनुमान सबैले गरेका हुन् ।

उनले आफैंविरुद्ध अनुसन्धान गर्ने निकायको प्रमुख हुन् गरेको गैरराजनीतिक प्रयासले उनको लोकप्रियता खस्कन लागेको थियो । खास गरी उनले विगतमा गरेका अत्यन्त उत्तेजनात्मक र सञ्चारमाध्यममा अशोभनीय टिप्पणीहरूले नै उनको मन्त्री पदसँग उत्तर माग्न लागेका थिए । अलोकप्रियताको अर्को चरणमा रविको प्रवेश हुँदै थियो । सर्वोच्च अदालतको फैसलाबाट उनी जिम्मेदार नागरिक होइनन् भन्ने देखाएको छ । यो फैसलाका आधारमा आफूलाई सही गराउनु नगराउनु रविको विषय हो ।

तर, फैसलाको लगत्तै सञ्चारमाध्यममा आफू संसारको कुन देशको नागरिक हुँ थाहा नभएको, अनागरिक भएको भन्ने जस्ता टिप्पणीले उनको बालपनलाई स्पष्ट गरेको छ । उनी अहिले पनि मानिसहरूको भावनालाई दोहन गर्ने कच्चा खेल प्रदर्शन गरिरहेका छन् । गल्ती मानिसहरूबाट नै हुन्छ गल्ती थाहा भएपछि सुधार गर्नु मानिसको कर्तव्य हो । रविले पद गुमाउने र प्रतिष्ठालाई क्षयीकृत गराए पनि उनीले कानुनको आज्ञा शीरोधार्य गरी सुधार गर्नु उचित हुनेछ । न्यायालय वा अरू राजनीतिक दलविरुद्ध नारा लगाउने वा आक्रामकता देखाउने निरर्थक कार्यतर्फ उन्मुख हुनु हुँदैन ।

# राज्यको लापरबाही र निरीह जनता

**पहिलो कुरा त राज्यसँग जनताको अभिलेख स्पष्ट छैन र दोस्रो पक्ष भनेको राज्यले त्रुटि गर्छ तर जनतालाई दुःख दिने गर्दछ । जन्म दर्ता, नागरिकता, शैक्षिक कागजपत्र, विवाह दर्ता, राहदानीमा हुने गल्ती तथा लापरबाहीको जिम्मेवारी राज्यले लिने कि नलिने ?**



विष्णुप्रसाद खनाल

देशको विकासका लागि प्रक्रिया र विधिको शासन अनिवार्य छ । जनताको वा नागरिकको अभिलेख एक पटक रखिसकेपछि पटक-पटक दुःख दिनु हुँदैन । राज्यको आधिकारिक निकायले एक पटक अभिलेख राखिसकेपछि पटक-पटक सर्भे गरिरहनु आवश्यक छैन ।

देशसञ्चालन गर्न विधि र प्रक्रिया चाहिन्छ जसलाई राज्यले व्यवस्थित गर्नुपर्ने हुन्छ चाहे त्यो सानो वा ठूलो राज्य नै किन नहोस् । जब राज्य सञ्चालनका सबै अंगहरू विधि र प्रक्रियामा चल्न थाल्छन् तबमात्र देशमा हुने सेवाप्रवाह प्रभावकारी हुन्छ । नेपालमा कानुनहरू नभएका होइनन् तर ती कानुनहरू प्रभावकारी हुन सकेन । प्रशासन तथा कर्मचारीतन्त्र चलायमान हुन नसकी घुसखोरीको फन्दामा फसेको छ । राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र कमजोर बन्दै गएको छ । राज्य के हो ? यसको संरचना, कार्यशैली र अवस्थाले नै कुनै पनि देश कसरी अगाडि बढिरहेको छ भन्ने कुरा स्पष्ट हुन्छ । अव्यवस्थित राज्यको कारण नै विकासमा कार्यमा बाधा पुग्ने गर्दछ ।

राज्य एक वैधानिकतामा आधारित विधिशास्त्रसम्बन्धी कार्य गर्ने संस्था भएकाले राज्यको अस्तित्व स्पष्ट हुन्छ जुन भौतिक पक्षले मात्र नभई प्रशासनिक पक्षमा समेत स्पष्ट हुनुपर्दछ । केन्द्रीकृत राज्य र विकेन्द्रीकृत शासन प्रणाली अवलम्बन गरेको राज्यमा जब नाताकुटुम्ब, व्यवसाय, नातावाद, कृपावाद र सर्वसत्तावाद हावी हुँदै जान्छ तब त्यस खालका राज्यमा जनताले सास्ती व्यहोर्नु पर्ने स्थितिको सिर्जना हुन्छ ।

समाजशास्त्री रोनाल्डको शब्दलाई सापटी लिने हो भने राज्य नागरिकमाथि शासन गर्ने केन्द्रीकृत सरकार हो जहाँ राज्यसञ्चालनका विभिन्न एकाइ रहेका हुन्छन् । तर, एरिस्टोटलका अनुसार राज्य गाउँ र परिवारको संगठन हो जसको उद्देश्यबाट नै पूर्ण आत्मनिर्भर र सम्मानित जीवन प्राप्त गर्न सकिन्छ । हुन त राज्य एउटा निश्चित क्षेत्रभित्रको विधिको शासन हो तर यो एउटा शोषणको कडी पनि हो जहाँ पहुँचवलाहरूले पहुँच नपुग्नेमाथि शासन गरिरहेका हुन्छन् र राज्य आफैँमा एउटा परिवार तथा झुण्डबाट विकासित भएको एक समाजिक संस्था हो जसमा जनता, सरकार र निश्चित भौगोलिक भूभाग रहेको हुन्छ ।

वैधानिक, अधिकार सम्पन्न वैधानिक संस्थाभित्र कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका रहन्छ जहाँ प्रत्येक नागरिक राज्यका सदस्य हुन्छन् तर प्रत्येक समाजमा राज्य प्रणालीको ढाँचा फरक-फरक हुन्छ । हरेक राज्यभित्र राष्ट्रिय पहिचान, राष्ट्रिय सचेतना, राष्ट्रिय मनोभावना, राष्ट्रिय गौरव, देशभक्ति र राष्ट्रिय सदस्यता अनिवार्य हुन जरुरी छ तर राज्यले वा राज्यका विभिन्न अंगले जनतामाथि गर्ने व्यवहार सच्चाउनु जरुरी छ ।

राज्यका अंगहरू कार्यपालिका र कार्यपालिका अन्तर्गतका निकाय, न्यायपालिका र न्यायपालिका अन्तर्गतका निकाय, व्यवस्थापिका र यस अन्तर्गतका निकायले प्रवाह गर्ने सेवाको लापरबाहीका करण जनता आजित भएका छन् भने निरीह पनि बन्दै गएका छन् । नागरिकको सरकार वा राज्यसँगको सहयात्रा साना साना कुराहरूबाट सुरु हुन्छ । सबैभन्दा पहिले नागरिक आफ्नो टोल हुँदै वडा कार्यालयमा जोडिन्छ । जन्मदर्ताको सवालमा होस्, नागरिकताको सवालमा होस्, विवाहदर्ताको सवालमा होस्, नाता प्रमाणितको सवालमा होस् वा खानेपानी, विद्युत्, सञ्चार, यातायात सबै क्षेत्रमा राज्यले नागरिकमाथि नियन्त्रण राखेको हुन्छ तर उनै नागरिकलाई सास्ती हुनेगरी राज्यका अंगले चरम लापरबाही गर्ने प्रवृत्ति बढ्दै गएको छ ।

आर्थिक प्रलोभनमा परेर विभिन्न नक्कली कागजातहरू बनाउने क्रम बढ्दै गएको छ । पहिलो कुरा त राज्यसँग जनताको अभिलेख स्पष्ट छैन र दोस्रो पक्ष भनेको राज्यले त्रुटि गर्छ तर जनतालाई दुःख दिने गर्दछ । जन्म दर्तामा हुने गल्ती, नागरिकतामा हुने गल्ती, शैक्षिक कागजपत्रमा हुने गल्ती, विवाह दर्तामा हुने गल्ती, राहदानीमा हुने गल्ती तथा लापरबाहीको जिम्मेवारी राज्यले लिने कि नलिने ?

हाल आन्तरिक राजस्व कार्यालयबाट जारी भइरेका व्यक्तिगत स्थायी लेखा परिचय पत्रमा धेरैजसो परिचयपत्रमा न त अधिकारीको हस्ताक्षर हुन्छ न त परिचयपत्र बाहकको सहीछाप नै हुन्छ । त्यस्तो चरम लापरबाही आखिर कहिलेसम्म ? कुरा आन्तरिक राजस्व कार्यालयको मात्रै होइन । विद्यालय तथा विश्वविद्यालयका शैक्षिक कागजपत्रमा पनि त्यस्तै लापरबाही हुने गरेको छ । विद्यार्थीले एउटा विषयको परीक्षा दिन्छ नतिजा अर्कै विषयको आउँछ यसमा विद्यार्थीको लापरबाही वा विद्यालय तथा विश्वविद्यालयको चरम लापरबाही हो ? एकातिर, नक्कली डाक्टरहरू बढ्दै गएका छन् भने आर्केतिर नि:शुल्क गरेका औषधिहरूमा राज्यले शुल्क लिन थालेको छ ।

जनतालाई यो वा त्यो नाममा पटक-पटक दुःख दिनु कति जाहेज हो ? यो प्रवृत्तिको अन्त्य कहिले हुने ? एउटा नागरिकलाई दर्जनौं परिचयपत्रहरू बोक्नुपर्ने आवश्यकता किन ? आफ्नो क्षेत्रका प्रत्येक नागरिकको रेकर्ड टोल विकास संस्थाले राखेको हुन्छ । वडा कार्यालयले त्यसैगरी अभिलेख राखेको हुन्छ र पालिकाले पनि त्यसै गरी अभिलेख राखेको हुन्छ । खानेपानी, विद्युत्, यातायात, अस्पताल, सञ्चार, विद्यालय, विश्वविद्यालय, राजस्व विभाग राष्ट्रिय पञ्जीकरण विभाग, जिल्ला प्रकाशन कार्यालय, केन्द्रीय तथ्याङ्क विभाग, निर्वाचन आयोगलगायताका सस्थाले नागरिकको अभिलेख राख्ने तर कुनै पनि उपलब्धि दिन नसक्ने प्रवृत्तिले जनताले सास्ती व्यहोरिरहेको अवस्था छ ।

एउटा संस्थाले सर्भे गरी तथ्यांक विवरण संकलन गर्दछ, त्यसको एक हप्ता नपुग्दै फेरि अर्को संस्थाले सर्भे गर्दछ तर जनताले आफ्नो सानो कागज बनाउन समेत सबै कागजात बोक्नुपर्ने अवस्था छ । आखिर कहिलेम्म यो दूर्दशा भोग्नुपर्ने हो जनताले त्यो प्रश्न जटिल बन्दै गएको छ । भर्खरै सर्वोच्च अदालतले निर्वातमान गृहमन्त्री रवि लामिछानेको नागरिकता खारेज गरिदियो र उनको राहदानीमा समेत प्रश्न खडा गरिदियो । यसमा लापरबाही लामिछानेको हो वा राज्यको ? विदेशी नागरिकलाई राजनीतिक दल खोल्न दिने अधिकार निर्वाचन आयोगलाई कसले दियो ?

निर्वाचनमा सहभागी हुन र सांसदको रूपमा बाटो खोलिदिने काम निर्वाचन आयोगको लापरबाहीले भएको स्पष्ट छ । उपप्रधान तथा गृहमन्त्रालय जस्तो जिम्मेवारी दिंदा प्रधानमन्त्रीले समेत एक पटक सोच्नुपर्ने होइन र ? हुन त नक्कली कागजात पेश गरेर सार्वजनिक पदमा रहनु एक गम्भीर अपराध हो तर यसमा लामिछानेको मात्रै होइन राज्यको पनि लापरबाही छ । नेपालमा यो घटना केवल प्रतिनिधि घटनामात्र हो यस्तो समस्या सबै क्षेत्रमा रहेको छ । हरेक नागरिकले आफ्नो जिम्मेवारी वा दायित्वबाट पन्छिनु हुँदैन कानुनी प्रक्रिया पूरा गर्ने पर्छ तर राज्यले जनतामाथि ज्यादती पनि गर्नु हुँदैन ।

प्रश्न यहाँनेर छ कि हरेक १०-१० वर्षमा गरिने जनगणनाको उपलब्धि के भयो अहिलेसम्म ? के पालिकाहरू तथा वडाहरूले जानताको अभिलेख व्यवस्थित गर्न सकेका छन् ? जनताले साँचै तिरेको कर राजस्वबापतको सुविधा पाएका छन् ? यदि छैनन् भने राज्य केका लागि ? एउटा नागरिक अभिलेख पटक-पटक राख्नुपर्ने अवस्था किन ?

एकातिर राज्यका निकायहरू बीचमा समन्वय हुन नसक्दा जनताले सास्ती व्यहोरिरहेका छन् भने अर्को, राज्यले गर्ने लापरबाहीको कारण जनता निरीह बनेका छन् । केही दिनअघिमात्र संसद् भावनअगाडि एकजना नागरिकले आत्मदाहको प्रयास गरे र उपचारको क्रममा मृत्युवरणसमेत गरे । त्यसमा दोष ती व्यक्तिको थियो वा राज्यको प्रश्न जटिल बन्दै गएको छ । सरकार गठन र विघटन गर्नुमात्र राज्यको काम होइन्, जनतालाई सुरक्षित र व्यवस्थित गर्नु पनि राज्यको जिम्मेवारी हो ।

सरकारका विभिन्न तहका निकायका प्रविधिसँग अभ्यस्त नभएका कर्मचारीलाई निरन्तरता दिनु पनि राज्यको लापरबाही हो जसले सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष असर पारेको छ । योजनामा लक्ष्य उद्देश्यहरू तय गरियो तर कार्यन्वयन हुन सकेन । नीति तथा कार्यक्रम कागजमा मात्र सीमित भए कार्यान्वयन हुन सकेनन् संघीयताको नाममा खर्च बढ्दै गयो । गठबन्धनको नाममा लोकतान्त्रिक पद्धति र दलीय प्रतिस्पर्धामाथि धावा बोल्ने काम गरियो । देश प्रगतिको बाटोमा अगाडि नबढेर दुर्गतिको बाटोमा जान थाल्यो जसले देशको राम्रो भविष्यको संकेत गर्दैछैन ।

तसर्थ, देशको विकासका लागि प्रक्रिया र विधिको शासन अनिवार्य छ । जनताको वा नागरिकको अभिलेख एक पटक रखिसकेपछि पटक-पटक दुःख दिनु हुँदैन । राज्यको आधिकारिक निकायले एक पटक अभिलेख राखिसकेपछि पटक-पटक सर्भे गरिरहनु आवश्यक छैन । जबसम्म राज्यले नागरिकको अभिलेखमा लापरबाही गरिरहन्छ तबसम्म देशमा नागरिक निरीह बन्छन् र सास्ती पाइरहन्छन् । कुरा विकसित र अविकसित देशको होइन विषय त राज्यभित्र गरिने क्रियाकलापको हो । हरेक मिनेटको महत्त्वलाई बुझ्न नसक्ने राज्य र राजनीतिक दलहरू गम्भिर र जिम्मेवार बन्नु आवश्यक छ ।

नीति निर्माताहरू नै ऐन कानुनको उलंघनमा अगाडि सरेपछि देशमा सुशासन कायम हुन सक्दैन । त्यसले नागरिकलाई सुरक्षा तथा अवसर प्रदान गर्न सक्दैन । अन्त्यमा, देश आफैंमा सुन्दर र प्राकृतिक सम्पदाले भरिपूर्ण छ तर यसको व्यवस्थापन प्रभावकारी हुन सकेको छैन । जबसम्म जनताका लागि शासन गरिदैन र राज्यको लापरबाही तथा बेथिति कायम रहन्छ तबसम्म सेवाप्रवाहमा चुस्तता र दुरुस्तता आउँन सक्दैन । त्यसैले, राज्यका सबै अंगहरू, राजनीतिक दलहरू, विभिन्न संवैधानिक आयोग, नागरिक समाज, सञ्चारमाध्यम र सरोकारवाला निकायहरू संवेदनशील हुनु जरुरी छ ।

आफ्नो जिम्मेवारीबाट पन्छिने अधिकार कसैलाई छैन । जनताका लागि जनताद्वारा गरिने शासन जबसम्म प्रभावकारी र पारदर्शी बन्न सक्दैन तबसम्म देशको विकास हुन सक्दैन । जनताको जाहेज मागहरूको सम्बोधन राज्यले गर्नसक्नुपर्छ तर समस्या सम्बोधनको नाममा अपराधीलाई संरक्षण गर्ने कार्य गर्नु हुँदैन । कानुनी प्रक्रिया सबै नागरिकले पालना गर्नैपर्छ तर राज्यले आफ्नो चरम लापरबाहीलाई सुधार गरी प्रजातन्त्र र विधिको शासनलाई सबल बनाउनुपर्छ ।

# शोषणरहित समाजको निमित्त आत्मनिर्भरताको आवश्यकता

**ऋण, सापट, कर्जा दिएबापत बहुसंख्यकले शोषण गर्ने गर्दछन् । पहिलेको जमानामा साहुको घरमा ऋण माग्न खाली हात जान नहुने भएकाले ठेकी कोसेली लिएर जानु पर्थ्यो । ऋण दिएबापत साहुले केही रकम कम दिन्थ्यो जसलाई घ्यू खाने भन्ने गरिन्थ्यो ।**



स्वयम्भुनाथ कार्की

बृहस्पति, शुक्राचार्य, मनुलगायतले आफ्नो नीति प्रतिपादन गर्दा जीवनयापनका साधन, तरिका, सीप आदिको व्यवस्थामा ज्यादा जोड दिएका छन् । यो राजनीतिभन्दा राज्य सञ्चालनमा अर्थनीति महत्त्वपूर्ण भएको पूर्वीय मतको मान्यता हो । यही कुरा तक्षशिलाबाट आफ्नो क्रोधी स्वभावका कारण निष्काशित आचार्य चाणक्यले चन्द्रगुप्त मौर्यलाई सम्राट बनाएपछि साम्राज्य अकंटक चलाउन सहयोग गर्न कौटिल्यको नाममा रचना गरेको अर्थशास्त्रमा उल्लेख छ । पाश्चात्य राजनीतिशास्त्रका पण्डितहरूको मतमा मानव समाजको सम्पूर्ण नियन्त्रक राजनीति हो ।

यो पूर्वीय मतको मान्यताको विपरीत हो । पूर्वीय मतले मानव मात्र नभएर सम्पूर्ण प्राणीको नियन्त्रक नै अर्थशास्त्रलाई मानेको छ । यहाँ अर्थशास्त्रको परिभाषा धनसँग मात्र सीमित छैन यसले जीवित रहन आवश्यक पर्ने सबै कुरा समेट्छ । त्यसैले पूर्वीय मतमा राजनीतिशास्त्रभित्र अर्थशास्त्र होइन अर्थशास्त्रभित्र राजनीतिशास्त्र हुन्छ । बलियो र निर्धोको सोचबाट शोषणको सुरुवात हुन्छ । बलियाले निर्धालाई गर्ने हेपाइयुक्त व्यवहार शोषणको बिउ हो ।

बल, सामाजिक ठालुपन, पहुँच आदिको आडमा हुनेगरेको शोषणको प्रतिकार त्यसको विरुद्धमा संघर्ष सम्भव छ । तर, जब आर्थिक शोषणको कुरा आउँछ शोषणमा पर्नेको प्रतिरोध क्षमता शून्यसरि भएर जान्छ । जीवनयापन गर्न नै कठिन भएपछि प्राण धान्न जसले मद्धत गर्छ त्यसको शोषण सहन बाध्य हुन्छ । सबैको मनोवृत्ति जीवन धान्न अपराध नै गर्नेपट्टि पनि हुँदैन । त्यस्तो पेट भातको समस्या परेकामध्ये नगन्यले मात्र जीवन धान्न समाजले अपराध ठहऱ्याएको बाटो अपनाउँछन् । त्यसैले सबै जसो साहुकोमा मद्धतको निमित्त हात फैलाउन पुग्ने गर्दछन् । यसरी ऋण वा सापटको चलन आरम्भ हुन्छ ।

यही ऋण, सापट, कर्जा दिएबापत बहुसंख्यकले शोषण गर्ने गर्दछन् । पहिलेको जमानामा साहुको घरमा ऋण माग्न खाली हात जान नहुने भएकाले ठेकी कोसेली लिएर जानु पर्थ्यो । ऋण दिएबापत साहुले केही रकम कम दिन्थ्यो जसलाई घ्यू खाने भन्ने गरिन्थ्यो । चर्को ब्याज, त्यसमाथि चक्रवृत्तिले गर्दा ऋणमुक्त हुने कुनै सम्भावना नै रहँदैनथ्यो । अन्तमा आफ्नो सिरिखुरी साहुलाई बुझाएर त्यसैके बेठी बेगारी गर्न बाध्य हुनपर्ने अवस्थाको शोषणको परकाष्टा थियो । यो ऋण लिने र ऋण दिनेबीचको सामान्य व्यवहार जस्तो नै थियो जो अध्यावधि छ । वित्तीय संस्थाहरूको कार्यशैली र त्यसबाट पीडित भएका ऋणीहरूको व्यथा वर्तमानमा पनि बाक्लै सुन्न पाइन्छ ।

त्यस बेला त ऋण लिएको कारणले नै सहनुपर्ने गरेको अपमान, साहुको अनुचित दबाब सहनुपरेको अवस्था थियो । भूमिसुधार कार्यक्रमबाट यस्तो ऋणबाट उन्मुक्ति दिन ऋण निश्चित गरेर बाँकी ऋण मिनाहा दिलाउने कदम शोषणरहित समाज बनाउनेतर्फको कदम थियो । दश वर्षभन्दा पुराना ऋण भुस गराइयो । कुनै पनि रूपमा सावाँको दोब्बर ब्याज अशुल भएका ऋणलाई भुक्तानी भइसकेको मानियो । अनि प्रतिवर्ष सयकडा दशभन्दा ज्यादा ब्याजलाई कानुनी बन्देज लाग्यो ।

यो कदमले तत्काल डुबेकाहरूको उद्धार त भयो तर अब उप्रान्त पर्ने गाह्रोसाँगुरोमा साहुले ऋण नदिने हतियार अपनाउन सक्ने सम्भावना प्रबल थियो । त्यस्ताको निमित्त जीविकाको व्यवस्था जरुरी थियो । नेपालीको मूल पेशा कृषि भएकाले कृषिमै रोजगारको स्थायी प्रत्याभूति गर्न आफूले खेती कमाइ गरिरहेको जग्गा निश्चित अवस्थामा बाहेक जग्गाधनीले खोस्न नपाउने व्यवस्था भयो जसलाई मोहियानी हकको नामले पुकारिन्छ । यति हुँदाहुँदै गर्जो पर्ने अवस्था आउने सम्भावना थियो ।

आफ्नो गर्जो आफ्नै कमाइले टार्न बचत गर्ने बानी सबैमा थिएन । त्यसैले सबैको मुख्यबालीको उब्जनीको केही प्रतिशत अनिवार्य बचतको रूपमा जम्मा गरेर गाउँ टोल स्तर पुँजी निर्माण गर्ने कदम सामुन्ने आयो । यस बचतको कोषबाट बचत गर्नेहरूमध्ये कसैलाई आवश्यक परेमा आफैंले निर्धारण गरेको शर्त सुविधामा गर्जो टार्ने परिकल्पना यो अनिवार्य बचतको थियो । यही बचतको पुँजीबाट कृषि उत्पादनको बजार व्यवस्थापन र कृषिमा आवश्यक पर्ने कुराहरूको पनि प्रबन्धन गर्ने गरेर साझा खोलिए ।

यो कदमले आर्थिक शोषणमा परेकाहरूको उन्मुक्तिपछिको अवस्थाको व्यवस्थापन गर्न खोजिएको थियो । यो एक आमूल परिवर्तन थियो, जसलाई असफल गराउन पुराना साहुमहाजन, आफूले पाएको लाभ हरिएकाहरू त लाग्ने नै भए । टाठाबाठा कोही यसको विरोधमा लागे भने कोही प्रणालीभित्र पसेर त्यसलाई ध्वस्त गर्न कम्मर कसे । लक्षित वर्ग ठूलो र राज्यको क्षमता सानो भएकाले यो आमूल परिवर्तन कहीँ कहीँ नराम्रो जस्तो पनि देखियो ।

निरन्तरको प्रक्रिया भएकाले यसको निरन्तर परिमार्जन आवश्यक थियो तर यसको आत्मा नै समाप्त गरियो २०१९ सालको संविधानमा २०३२ सालमा गरिएको दोस्रो संशोधनले । सुविधामा बसेर र माथिको भजन गाएर तलकालाई थिचोमिचो गर्ने वर्ग तयार भइसकेको थियो । कामभन्दा सुविधा र फुर्ति ज्यादा चाहनेहरूको जमातले पर्खाल खडा गऱ्यो । यसैको परिणाम संविधानमा गरिएको मनपरीको संशोधन थियो ।

त्यसैको परिणाम हो कि संशोधनको चार वर्ष पुग्दा नपुग्दै जनमत संग्रहको अग्निपरीक्षा पञ्चायतले दिनुपऱ्यो । बीस लाख र चौबीस लाखको मतपरिणामलाई आफ्नो ठूलो विजयको रूपमा यो पर्खाल वर्गले लियो । तर, आफ्नो विरोधमा आएको बीस लाख मतबाट सतर्क हुनुपर्ने थियो, सकर्म गरेर जनताको विश्वास पुन: जित्नुपर्ने थियो । त्यसो नगरिँदा जनमत संग्रहको दशकको आसपासमै पञ्चायतले हार खानुपऱ्यो ।

तर, शोषणरहित समाजको यो परिकल्पना र त्यसमा निहित जीवनयापनमा आत्मनिर्भरताको सिद्धान्त वर्तमानमा पनि उत्तिकै सान्दर्भिक छ । यस सिद्धान्तमा मुलुकभर अनेकौं अर्थोपार्जन समूह बनेका छन्, सहकारीहरू क्रियाशील छन् । त्यस बेलाको जस्तै अवसरवादीहरूले यसबेला पनि बेलाबेलामा जनताको पसिनाको कमाइ खाएर भागेका घटना सुनिन्छन् । यतिमात्र होइन लघुबित्तका अनेकौं संस्थाहरूले काम गर्दैछन् । यो लघुवित्तको अवधारण, कार्यपद्धति जस्ता सबै कुराको सुरुवात २०२४ सालतिरै नेपालमा भइसकेको थियो । यही अवधारणा नेपालबाहिर गयो अनि विदेशी छाप लगाएर नेपाल आएको छ । तर, विस्तारै यस्ता संगठनले पनि ठेकी कोसेली सुरु गरिसकेका छन्, निवेदन दस्तुर, प्रवेश शुल्कका नाममा, घ्यू खाने पनि कायम छ सेवा शुल्कको नाममा । अरू त अरू चक्रवृत्ति ब्याज पनि कर्जा पुनर्तालिकीकराण र हर्जना ब्याजको नाममा भित्रिसकेको छ । अब सावाँको दुई गुणले ऋणमुक्त हुन सकिँदैन ।

आत्मनिर्भरभन्दा परनिर्भरमा आधारित भएको अर्थनीतिले उत्पादनभन्दा व्यापार, सेवाजस्ता व्यवसाय फष्टाएका छन् । वित्तीय संस्थाहरू लगानी गर्न उत्पादनमुखीभन्दा यस्तै व्यवसायमा लगानी गर्ने गर्दछन् । नगद प्रबाह यस्तै व्यवसायमा तीव्र हुने हुन्छ । उत्पादनमूलक व्यवसायमा भन्दा यस्ता व्यवसायमा सर्वसाधारणको रुचि बड्न गइरहेको छ । जग्गा खरिद गरेर खेती गर्न तयार नहुने तर प्लटिङ गरेर घडेरी बेच्नतर्फ आकर्षित हुने अवस्थाले आत्मनिर्भरता बढाउने व्यवसायतर्फ चाप बढाएको छ । उत्पादनमूलक व्यवसायको कमीले कूल उत्पादन बढ्दैन । अन्य व्यवसायमा देखिएको नगद प्रवाहको तीव्र गतिले मात्र कूल उत्पादन बढ्दैन । उत्पादनमूलक व्यवसायसँग व्यापार तथा सेवा व्यवसाय आवश्यक हुन्छ निश्चित अनुपातमा ।

यो अनुपात नमिल्दा अर्थतन्त्रमा प्रतिकूल असर पर्छ । यस्तो ऋणी व्यवसायीहरूको ऋणभुक्तान गर्ने क्षमतामा असर पर्छ । यसले वित्तीय संस्था र ऋणीको बीचमा शोषक र शोषितको जस्तो सम्बन्ध कायम हुँदै जान्छ । राज्यको अर्थतन्त्र सञ्चालनको अल्पकालीन नीति, वित्तीय संस्थाहरूको तत्काल नाफा आर्जनको प्रयत्न यसका कारक हुन् । आत्मनिर्भर व्यवसायमा प्रत्यक्ष वा परोक्षरूपमा भोग्नुपरेको कठिन अवस्था आदिले अर्थतन्त्र ओरालो लाग्दैजान्छ । अनि ऋणीहरूले वित्तीय दबाब थेग्न नसक्ने अवस्था पैदा हुन्छ । त्यसैले आत्मनिर्भरतालाई केन्द्रबिन्दु बनाएर अर्थनीति बन्न आवश्यक छ ।

# आत्मदाह 'दुस्साहसपूर्ण विद्रोह', : देशमा गरिखानेका लागि ठाउँ छैन !

**आचार्यलाई यो हदसम्म पुऱ्याउन दुरुत्साहन गर्ने पक्ष भनेको हाम्रै राज्यप्रणाली हो । सामाजिक सञ्जालमा उनले व्यक्त गरेका पीडादायी क्षण र मार्मिक कथनबाट स्वयं स्पष्ट हुन्छ कि हाम्रो राज्यप्रणालीले नै यसका लागि दुरुत्साहन गरिरह्यो । यो त बाहिर आयो, भित्रभित्रै यस्ता घटना कति होलान !**



■ डा.डीआर उपाध्याय

जुनसुकै प्रकारबाट गरिएको भए पनि आत्महत्या आफैंमा गलत र निन्दनीय कार्य हो । आफैंले आफैंलाई हत्या गर्ने कार्यलाई कुनै पनि अर्थमा सही मान्न सकिँदै न । आफैंले आफ्नो जीवन नष्ट गर्ने कार्य किमार्थ सही होइन । तर, यही मंगलबार देशको राजधानीको मुख्य ठाउँ नयाँबानेश्वरस्थित संघीय संसद् भवनअगाडि एक युवाले भिडभाडबीच दिउँसै आगो लगाएर आत्मदाह गरेको घटनाले सबैलाई स्तब्ध तुल्याएको छ भने राज्य सञ्चालन गर्ने ठेक्का लिएकाहरूलाई थुप्रै प्रश्न तेर्स्याइदिएको छ । साथै यो घटनाले राज्य लज्जित भएको छ । आफ्नो वा अरूको ज्यान लिने काम अपराध हो । तर, कतिपय बेला यस्ता कसुरहरू विद्रोहमा बदलिन्छन् ।

इलामका ३७ वर्षीय युवा प्रेमप्रसाद आचार्यको आत्मदाहको घटनाले मनमा अनेक कुरा खेलिरहे । उनले उठाएका विषय र प्रसंग पढिरहँदा मन धेरै ठाउँमा अमिलो भएर भक्कानिएर आयो भने हाम्रो सिस्टमप्रति आक्रोश दन्कियो । उनको आत्मदाहको घटनाले मनमा अनेकन कुरा खेलिरहे । सिर्जित बाध्यात्मक अवस्थालाई पहिल्याउँदा वर्तमान राज्य व्यवस्थाकै असफलता उनको मृत्युको कारक बनेको यथार्थमा परिणत हुन्छ । यसले अझ झन् कारुणिक बनायो । आफ्नै देशमा उद्यमी बन्ने प्रयत्नमा हरेक मोडमा भोगिएका अनगिन्ति पीडा, सम्बन्धित निकायबाट पाएका असहयोग, निराशा र राज्यको नागरिकप्रतिको गैरजिम्मेवारपनले सिर्जित अवस्था हो यो घटना भन्ने प्रष्ट हुन्छ । सरसर्ती हेर्दा आत्मदाहको कारणा उनी आफैंजस्तो देखिए पनि हाम्रो सिस्टमको उपज हो यो घटना भन्न सकिन्छ ।

आचार्यले उठाएका सवालहरू र उनले भोगेका यावत् समस्याका कारण हाम्रो देशको भ्रष्ट राजनीति, निकम्मा कर्मचारीतन्त्र, बजार माफिया र बिचौलिया साथै समग्रमा हाम्रो विद्यमान सामाजिक संरचना नै दोषी छ । यसमा कसैको दुई मत नहोला । यो राज्य संयन्त्र र सिस्टमको असफलताको एउटा भयावह एवं दारुण दृश्य हो भन्न सकिन्छ ।

उनलाई यो हदसम्म पुऱ्याउन दुरुत्साहन गर्ने पक्ष भनेको हाम्रै राज्यप्रणाली हो । सामाजिक सञ्जालमा उनले व्यक्त गरेका पीडादायी क्षण र मार्मिक कथनबाट स्वयं स्पष्ट हुन्छ कि हाम्रो राज्यप्रणालीले नै यसका लागि दुरुत्साहन गरिरह्यो । यो त एउटा घटना बाहिर आयो, भित्रभित्रै पिल्सिएका यस्ता घटना कति होलान ! आचार्यले उठाएका प्रश्न र भोगेका अनगिन्ति पीडा आमनेपाली युवाले पनि भोग्दैआएका छन् । धेरै राजनीतिक दल र नेताहरू युवालाई अनेकौं मीठा-मीठा सपना बाँडेर आफू सत्तामा पुगे । केही पार्टीले हजारौं युवाहरूको बलि चढाएर सत्तामा उक्लिए तर हाम्रो अवस्था भने अझ दुस्कर हुँदै गयो । देशमा अनेकौं पटक व्यवस्था बदलियो तर जनताको जीवनस्तर झन्झन् खस्कँदो क्रममा छ, अवस्था भने बदलिएन ।

विदेशमा युवाहरूले पसिना बगाएर पठाएको रेमिट्



> सरकारले आचार्यले उठाएका विषय छानविन गर्ने निर्णय गरेको छ जुन स्वागतयोग्य छ । तदारुकताका साथ छानविन गरी सत्यतथ्य बाहिर आओस् । छानविनपछिको निष्कर्ष अनुसार सरकारले कदम अघि बाढाओस् जसले यस्ता घटनालाई न्यूनीकरण गरोस् ।

यान्सले देश चलेको छ । त्यसमा पनि भ्रष्टाचार मौ लाउँदो छ । रेमिटान्समात्रै भित्रिएको छैन हरेक दिन परदेशिएकाहरूको सपना लाशमा परिणत भएर हाम्रो अन्तर्राष्ट्रिय एयरपोर्टमा आइपुग्छन् । अन्तर्राष्ट्रिय एयरपोर्टमा देखिने आफन्तहरूको कारुणिक हृदयविदारक दृश्यमा हाम्रो देशको मुहार देखिन्छ । देशमा परिवर्तनको बाहनामा हरेक पटक नयाँ-नयाँ सरकार गठन हुने गर्छन् । यो गर्छौं र त्यो गर्छौं भन्दै आमजनतालाई रनभुल्लमा पार्नेबाहेकको केही उपलब्धि भएको देखिँदैन । नेता खोक्रा आश्वासन बाँड्न व्यस्त छन् भने आमजनसमुदाय चहऱ्याइरहेका पीडादायी घाउ लिएर आफ्नो जीवन घिसार्न बाध्य छन् ।

आचार्यको आत्मदाह र त्यसपछाडिको कारणबारे बहस गरेर अब त्यस्तो परिस्थिति नदोहोरिनका लागि राज्य सजग हुनुपर्छ तर हामीकहाँ त्यसतर्फ ध्यान जाने गरेको पाइँदैन । राज्य सञ्चालन गर्नेहरूले सत्ताको जोडघटाउ र लाभका पदमा आफ्ना मान्छे कसरी पुऱ्याउन सकिन्छ भन्ने बारेमै चिन्तन मनन् गरेको पाइन्छ । यो नै हाम्रो विडम्बना हो । आचार्यले नागरिकसँग जोडिएका विभिन्न सबालबारे ६ हजार ५ सय शब्दको बयान लेखेर ध्यानाकर्षण गराएकोतर्फ सम्बन्धित निकायले गम्भीरतापूर्वक लिन जरुरी छ । आचार्यको घटनाले एउटा जबर्जस्त प्रश्न राज्यका सामु तेर्स्याएको छ- यो देशमा गरिखानेका लागि किन ठाउँ छैन ?

देशमा प्रत्येक दिन औसतमा २२ जनाले आत्महत्या गर्ने गरेको प्रहरीको तथ्यांक छ । आफूले आफैंलाई समाप्त गर्ने प्राय: सबैमा चरम निराशा र जीवनप्रतिको मोह भंग नै रहेको हुन्छ । उनीहरूले आफ्नो आत्महत्यामा आफूभित्र रहेका विषयलाई बाहिर नल्याइकन गरे । तर, आचार्यले गम्भीर विषयलाई बाहिर ल्याएका छन् । राज्य संयन्त्र भ्रष्ट हुँदै जाँदा आममानिसको जीवनमा परिवर्तन आउन सकेन जसले चरम निराशा व्याप्त भएको छ । त्यसैको परिणाम हो आचार्यको घटना भन्न सकिन्छ । मानिसको जुनी एक पटक आउँछ । कोही पनि अहिलेसम्म मरेर फेरि बाँचेको छैन । केही धर्मले पुनर्जन्ममा विश्वास गर्ने गरेका भए पनि आधिकारिक रूपमा पुष्टि हुन सकेका छैनन् । हामीले पाएको यो जुनीलाई सही सदुपयोग गर्नुपर्छ । जीवन संघर्ष हो र संघर्ष गर्दै जिउनु नै जीवन हो । जन्मसँगै मृत्यु छ । मृत्युलाई हामीले कुनै पनि हालतमा टार्न सक्दैनौं । यसलाई सहर्ष स्वीकार गरेर अघि बढ्नु नै जीवन हो । जन्म र मृत्युको बीचको समय नै जीवन हो । हामीले यस धर्तीमा आइसकेपछि केही असल कार्य गरेर जानुपर्छ । हाम्रा कार्य आउने पिँढीलाई केही शिक्षा र मार्गदर्शन हुन जरुरी छ ।

सामान्य जीवन जिउनुभन्दा केही पृथक गर्ने कार्य सोच्नु नै राम्रो हुन्छ । जीवनमा हरेक क्षण दु:ख छ, त्यसलाई सहज तरिकाले लैजानु नै बुद्धिमत्ता हुन्छ । जीवन जिउनेक्रममा देखापरेका समस्या र आइपरेका चुनौतीलाई डटेर सामना गर्नुको साटो हरेस खाने, आफैंले आफैंलाई समाप्त गर्ने कार्यलाई कदापि राम्रो मान्न सकिँदैन । फेरि पनि आमनागरिको जीवनलाई सहज बनाउने कार्य भनेको राज्य संयन्त्रको हो । राज्य संयन्त्रणले जिम्मेबारीपूर्ण ढंगले कार्य गर्न नसक्दा आचार्यका जस्ता घटाना घटित हुने गर्दछन् ।

यस्ता घटनालाई न्यूनीकरण गर्न समयमै राज्य संयन्त्र सचेत हुन जरुरी छ । कोही पनि व्यक्तिले केही कारण देखाउँदै आत्मदाह गर्नुपर्ने अवस्था आउनु कुनै पनि दृष्टिले उपयुक्त होइन । तर, यस्तो अवस्था आउनुमा व्यवस्था, प्रणाली के-केमा कमीकमजोरी छ भन्नेबारे सरोकारवालाले ध्यान दिनु अत्यावश्यक छ । सरकारले आचार्यले उठाएका विषय छानविन गर्ने निर्णय गरेको छ जुन स्वागतयोग्य छ । तदारुकताका साथ छानविन गरी सत्यतथ्य बाहिर आओस् । छानविनपछिको निष्कर्ष अनुसार सरकारले कदम अघि बाढाओस्, जसले यस्ता घटनालाई न्यूनीकरण गरोस् । यही कामना । ॐ असतो मा सद्गमय । तमसो मा ज्योतिर्गमय । मृत्योर्मामृतं गमय ॥

# भोजपुरमा रेडक्रसका तीन उपशाखा पुरस्कृत

निरोज कोइराला/हिटा

भोजपुर, १४ माघ

भोजपुरमा रेडक्रसका तीनवटा उपशाखा कार्यसम्पादन मूल्यांकनका आधारमा पुरस्कृत भएका छन् । नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा भोजपुरको ३९औं अधिवेशनका क्रममा तीन उपशाखा पुरस्कृत भएका हुन् ।

२०३० साल मंसिर १९ गते स्थापना भएको शाखाको यो अधिवेशनबाट नयाँ कार्यसमितिसमेत चयन हुनेछ । भोजपुरका ८१ वटै वडा उपशाखा र जुरेस तथा युवा रेडक्रस शाखाहरूको नयाँ समिति चयन भएपछि जिल्ला अधिवेशन गरिएको रेडक्रस भोजपुरका शाखा विकास अधिकृत तेजबहादुर श्रेष्ठले जानकारी दिनुभयो ।

सोक्रममा कार्यसम्पादन मूल्यांकनका आधारमा दलगाउँ शाखा पहिलो, नेपालेडाँडा शाखा दोस्रो र बोया शाखा तेस्रो भएका छन् । अधिवेशनको उद्घाटन गर्दै भोजपुर नगरपालिकाका मेयर कैलाशकुमार आलेले रेडक्रसले गरेका कामहरू उल्लेखनीय रहेको बताउँदै शाखाले प्राकृतिक विपद् तथा मानवीय उद्धारका काममा सराहनीय योगदान दिएको बताउनुभयो ।

गत २०७८ भदौ २१ गते स्थापना भएको रक्तसञ्चार सेवा केन्द्रको सुरुवात नै समग्र जिल्लाका लागि प्रेरणादायक उपलब्धि भएको मेयर आलेको भनाइ छ । 'यो शाखाले विभिन्न नयाँ सिर्जनात्मक प्रगतिहरू गरेको छ, शाखाले सबैभन्दा उपलब्धिमूलक काम ब्लड बैंक सञ्चालन गरेर वर्षौंदेखि दुर्गमका नागरिकलाई रगत अभावमा अकालमै ज्यान गुमाउनुपर्ने बाध्यात्मक परिस्थितिको हल गरेको छ, यस्ता कार्यमा नगरको सदैव साथ रहनेछ,' मेयर आलेले भन्नुभयो ।

२०७२ सालको महाभूकम्पबाट गम्भीर असर पुगेपछि संस्थागतरूपमा कामहरू सोचेअनुरूप अघि बढ्न नसकेको रेडक्रस जिल्ला सभापति तुलबहादुर सुब्बाले बताउनुभयो । तर, लामो समयदेखिको प्रयास र समन्वयले अन्तत: ब्लड बैंकको स्थापना गर्न शाखा सफल भएकोमा भने सभापति सुब्बाले खुसी व्यक्त गर्नुभयो ।


## साविकको सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको

## बोनसदर सम्बन्धी सूचना

यस सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड अन्तर्गत साविकको सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.व. २०७८/०७९ को आर्थिक स्थितिको लेखाजोखा र दायित्व मुल्याङ्कन सम्बन्धी बिमाङ्कीय प्रतिवेदन श्री बीमा प्राधिकरणबाट मिति २०७९/१०/११ गतेको पत्रबाट स्विकृत भए अनुसार साविकको सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले मुनाफामा सरिक हुने गरी (बोनस दिनेगरी) जारी गरेका जीवन बीमालेखहरुमा निम्न तालिकामा उल्लेखित बोनसदर, मृत्यु दावी, पूर्ण वा आंशिक अवधि भुक्तानी दावी, समर्पण मुल्य दावी, चुक्ता मुल्य दावी तथा चालु बीमालेखमा समेत लागू हुनुका साथै श्री बीमा प्राधिकरणबाट अर्को बीमाङ्कीय मुल्याङ्कन स्विकृत नभए सम्मको लागी कम्पनीले भुक्तानी गर्ने उल्लेखित दावीहरुमा समेत सोही बोनसदर कायम हुने व्यहोरा सम्बन्धीत सबैमा जानकारी गराईन्छ ।

**बोनसदर तालिका**

| बीमालेखको किसिम | बीमा अवधि (वर्ष) | बोनस (प्रति हजार) | बीमालेख संख्या |
|---|---|---|---|
| सावधिक | ०-०९ | रु.४०/- | ४४२ |
| | १०-१४ | रु.४१/- | ६,३८५ |
| | १५-१९ | रु.४५/- | ८०,४७४ |
| | २०-२४ | रु.५४/- | १३,६४८ |
| | २५-२९ | रु.६०/- | ३०२ |
| | ३० र सो भन्दा माथि | रु.७०/- | २५१ |
| सावधिक तथा आजिवन | ०-०९ | रु.४०/- | १७ |
| | १०-१४ | रु.४२/- | ४५० |
| | १५-१९ | रु.४६/- | ६,७५० |
| | २०-२४ | रु.५६/- | १,३०४ |
| | २५-२९ | रु.६०/- | ४८ |
| | ३० र सो भन्दा माथि | रु.७०/- | ३६ |
| अग्रिम भुक्तानी सावधिक | ०-०९ | - | - |
| | १०-१४ | रु.४२/- | ५९८ |
| | १५-१९ | रु.४२/- | ९,२७७ |
| | २०-२४ | रु.५२/- | ४,०११ |
| | २५-२९ | रु.६०/- | ९ |
| | ३० र सो भन्दा माथि | - | - |
| चौरासी पुजा नियमित भुक्तानी | ०-०९ | - | - |
| | १०-१४ | रु.४५/- | १०२ |
| | १५-१९ | रु.५०/- | १,०९५ |
| | २०-२४ | रु.५५/- | ६२७ |
| | २५-२९ | रु.६५/- | २७ |
| | ३० र सो भन्दा माथि | रु.७०/- | १६ |
| चौरासी पुजा एकल भुक्तानी | ०-०९ | - | - |
| | १०-१४ | रु.७५/- | १९ |
| | १५-१९ | रु.८०/- | ८५ |
| | २०-२४ | रु.८५/- | २० |
| | २५-२९ | रु.९०/- | - |
| | ३० र सो भन्दा माथि | रु.९०/- | २ |

SuryaJyoti

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
केन्द्रिय कार्यालय : शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौं
सम्पर्क : ०१-४५४५५४१/४५४५५४२
Email : info@suryajyotilife.com



## Invitation for Bid

**Gharapjhong Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Jomsom, Mustang**
**Gandaki Province, Nepal**

**Date of publication: 2079/10/15(January29, 2023)**

1. Gharapjhong Rural Municipality, the Office of the Rural Municipal Executive, Jomsom Mustang invites Electronic bids from eligible National Bidders under National Competitive Bidding.
2. The details of the Project are as following,

| S.No. | Contract No./ID | Description of Works | Total Estimated Amount(Without VAT & Contingencies) | Bid Security Amount(NRs) | Bid Document Fee(NRs) | Last Date of Bid Submission & open |
|---|---|---|---|---|---|---|
| 1. | GRMJ/NC-B/W/10/079/80 | Construction of Kaisang Khola Thini Irrigation Project, Gharapjhong-5 | 10023888.92 | 330000.00 | 3000.00 | 28-02-2023 until 13 :00 pm |

3. Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp .

**Chief Administrative Officer**



## Pathivara Yangwarak Rural Municipality

**Office of Rural Municipal Excecutive**
**Thechambu, Taplejung**
**Provience no.-1, Nepal**

**Invitation for Bids for the Following Works**

**Date of publication: 2079/10/15 (29th *Jan, 2023)***

The Pathivara Yangwarak Rural Municipality has allocated funds towards the cost of Earthwork excavation of connecting Road-way Lungse Dumrise to Thumbedin Project construction are intends to apply part of the funds to cover eligible payments under the Contract Identification mentioned below. Bidding is open to all eligible Nepalese Bidders.

| Contract Identification No. | Description | Estimate Amount (With Vat) NRs | Bid Security NRs | Bid Valid period (days) | Cost of Bid Document NRs | Last Date of Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| NCB/WORKS/ PYRK-06/ RCDT/ 079/080 | Connecting Roadway of Lungse to DumriseThumbedin) | 1470000.00 | 45000.0 | 90 day | 3000.00 | On or before 12:00 hrs. on 28-Feb- 2023 | At 28-Feb, 2023 on 13:00 hours. |

1. Eligible Bidders may obtain further information at the office of the Pathivara Yangwarak Rural Municipality, Thechambu Taplejung, Mob no: 9852660460, email on the email address pathivarayang@gmail.com : or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.
2. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below upon payment of a non-refundable fee of Nrs 3000.00 before 17.00 Hrs of 27th Feb , 2023 (15th-11-2079) and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   ***Information to deposit the cost of bidding document in bank:***
   Name of the Bank Laxmi Bank, Thechambu, Taplejung Branch
   Name of Office: Pathivara Yangwarak Rural Municipality Office, Thechambu, Taplejung
   Office Account no.:- Dharauti 09203000167 (For the deposit of Bid Security Amount)
   Project Rajaswa Account No. :- 09203000051 (For the cost of Bid Document)
3. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp. On or before above stated date and time. All bids must be accompanied by a Bid Security as specified in notice counting from the day of bid opening and must be accompanied by the bid bond authorized from the recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity periods. Bids will be opened in the presence of Bidders' representatives who choose to attend in person at the Office of the Pathivara Yangwarak Rural Municipality, Thechambu Taplejung, immediately after the submission deadline as stated on above table.
4. Information or data submitted by the bidder which is either incomplete or unclear or not substantiated by supporting documents shall not be considered for evaluation.
5. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Other Related rules and regulation are as per updated Public Procurement Act – 2063 and updated Public Procurement Regulation 2064.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**
**Office of Rural Municipal Executive**
Thechambu, Taplejung

# अभिनेत्री एलिजा गौतम नागरिक उन्मुक्ति पार्टीमा प्रवेश

**हिमालय टाइम्स**
काठमाडौं, १४ माघ



अभिनेत्री एलिजा गौतम नागरिक उन्मुक्ति पार्टीमा प्रवेश गर्नुभएको छ । शनिबार भैरहवामा आयोजित कार्यक्रममा पार्टी अध्यक्ष तथा सांसद रञ्जिता श्रेष्ठले गौतमलाई पार्टी प्रवेश गराउनुभएको हो । उक्त दलले लिएको विचारबाट प्रभावित भएर आफू पार्टीमा प्रवेश गरेको गौतमले बताउनुभयो ।

'मलाई देशका पुराना दलबाट पनि ती पार्टीमा प्रवेशका लागि प्रस्ताव आएका थिए । तर, म युवा भएको र यस पार्टीले बोकेको उद्देश्यबाट प्रभावित बनेकाले यो दल रोजेको छु ।

आजबाट मेरो राजनीतिक यात्राको आरम्भ भएको छ । म यो राजनीतिक यात्राको क्रममा हजारौं पटक आफूलाई जनताको सेवाको अधिकतम परीक्षामा होम्याएर पास गराउन चाहन्छु । यो मेरो प्रण हो,' उहाँले भन्नुभयो ।

पार्टीलाई अरू दलभन्दा फरक रूपमा उभ्याउने उहाँले बताउनुभएको छ । एलिजा पत्रकार ऋषि धमलाकी श्रीमती हुनुहुन्छ । एलिजासँगै लुम्बिनीबाट राष्ट्रियसभा सदस्यको उपनिर्वाचनमा उम्मेदवार बन्नुभएका बर्दियाका राजेन्द्रवीर राय पनि नागरिक उन्मुक्तिमा प्रवेश गर्नुभएको छ । उहाँ बैंकर तथा व्यवसायी हुनुहुन्छ ।


**Nason Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Dharapani, Manang**

**RE - INVITATION FOR BIDS**

Date of First Publication: 2079/09/11(26th December 2022)
Second Date of publication: 2079/10/15 (29th January 2023)

1. *Nason Rural Municipality, Office of the Rural Municipal Executive, Dharapani, Manang* invites bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of *Nason Rural Municipality, Office of the Rural Municipal Executive, Dharapani, Manang*.Email: nashongrm@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S. no. | Contract No. | Description of works | Estimated amount with VAT | Bid Security amount | Bid Validity and Security Period (Days) | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1. | NCB-3/NASON/ 079-80(RE) | Cosntruction of city Hall | Nrs.8,326,254.17 | Nrs.1,90,000.00 | 90 Days & 120 days | Nrs.3000/- |
| 2. | NCB-5/NASON/ 079-80(RE) | Upgrading of Thoche to Tachai Road | Nrs.8,333,596.53 | Nrs.1,90,000.00 | 90 Days & 120 days | Nrs.3000/- |

| | |
|---|---|
| Deadline for Purchase of Bid Document: | on or before Office Hours on *2079/11/15 (27th February 2023)* |
| Deadline for Bid Submission: | on or before 12:00 hrs. on 2079/11/16(28th February 2023) |
| Date Time and Place of Bid Opening: | on 13:00 hrs. on 2079/11/16(28th February 2023) at Nason Rural Municipality, Dharapani, Manang |
| Account Number For Bid Document Purchase: | Name of the Bank: Prabhu Bank Ltd, Dharapani, manang<br>Name of Office: Nason Rural Municipality, Office of the Rural Municipality Executive, Dharapani, Manang<br>Office Account no.: 1600112107400061 Rajaswa (revenue) |
| Account Number For Bid Security Deposit: | Office Account no.: 1600112107400041 (Ga-3 Dharauti Khata) |

3. Bidders shall have the option of submitting their bids by electronic or by mail/ by hand / by courier also.
4. The Office reserves right to accept or reject any or all bids without assigning reasons whatsoever.

*Chief Administrative Officer*



**Provincial Government**
**Sudurpaschim Province**
**Ministry of Physical Infrastructure Development**
**Water Resources and Irrigation Development Division Office**
**Dhangadhi, Kailali**

**NOTICE OF INVITATION FOR ONLINE BIDS**

**(First Publication Date: 2079/10/15)**

1. Water Resources and Irrigation Development Division, Dhangadhi, Kailali invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding procedures for the following works:

| S. N. | IFB No. | Description of works | Bid validity period in days/Bid security validity period in days | Estimated Amount With VAT (NRs) | Bid Security Amount in (NRs.) | BidDocument Fee (Non-Refundable) (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | RTW/NCB-1.1/2079-080 | Construction of Launching and toe protection work of Dhangadhi-1, Kailali | 90/120 | 1,44,72,124.06 | 3,60,000 | 3,000 |
| 2. | RTW/NCB-1.2/2079-080 | Construction of Launching and toe protection work of Dhangadhi-1& 5, Kailali | 90/120 | 59,71,197.43 | 1,50,000 | 3,000 |

| | |
|---|---|
| Deadline for purchase of Bid Document: | 2079/11/15 till 5:00 PM |
| Deadline for bid submission: | 2079/11/16 till 12:00 Noon |
| Date, time and place of bid Opening: | 2079/11/16, 2:00 PM, Water Resources and Irrigation Development Division, Dhangadhi. |
| Date, time and place of Pre- Bid Meeting: | 2079/11/05 , 1:00 PM, Water Resources and Irrigation Development Division, Dhangadhi, |
| Account No. for bid document purchase: | Name of Bank: Rastriya Banijya Bank, Dhangadhi, Kailali<br>Name of Office: Water Resources and Irrigation Development Division, Kailali.<br>Office Code No.: 3370377017 Rajaswa (Revenue) Sirshak no.: 14229<br>Office Account Number: Rajaswa Khata no.: 1000200010000 |
| Account No. for bid security deposit: | Account Name: Provine Treasury Comptroller Office, Kailali<br>Bank Name : Rastriya Banijya Bank, Dhangadhi, Kailali<br>Dharauti Account Number: 4170100202030000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Water Resources and Irrigation Development Division Office, Dhangadhi, Kailali; Tel: 091-525048 or may visit PPMO website www.bolpatra. gov.np/egp
3. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
4. If the last date of purchasing and/or submission falls on a Government holiday, then the next working day shall be considered as the last date. In such case the Validity period of the bid security shall remain the same prescribed for the original last date of bid submission.
5. Bidders have to submit their bid electronically through National e-GP system of PPMO's website: www.bolpatra.gov.np/egp as specified in the Instruction to Bidders.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Division Chief**


# व्यक्ति नै पाठशाला तथा पुस्तकालय हो : दाहाल





**हिमालय टाइम्स**
काठमाडौं, १४ माघ

हिमालय टाइम्सका सम्पादक प्रा.पुरुषोत्तम दाहालले मानिस सबै पुस्तकालय तथा पाठशाला हौं भन्दै यस नव-पुस्तकालयले आयोजना गरेको कार्यक्रममा उपस्थित मानव पुस्तकालय अर्थात् विज्ञ व्यक्तिहरूबाट आफू प्रभावित भएको बताउनुभयो ।

यसका लागि उहाँले आयोजक तथा तीनैजना व्यक्तिलाई धन्यवाद दिँदै आयोजकलेमात्रै कार्यक्रमलाई निरन्तरता दिन असमर्थ भए अरूको सहयोग लिएर भए पनि यस्ता राम्रा कार्यक्रम सञ्चालन गर्नुपर्ने धारणा राख्नुभयो ।

मुक्तिनाथ साहित्य समाज तथा नव-पुस्तकालय आयोजक रहेको मानव पुस्तकालयको यस शृंखलामा तीनजना विभिन्न क्षेत्रका विज्ञहरूलाई मानव पुस्तकालयका रूपमा उपस्थित गराइएको थियो । साहित्यकार तिलकप्रसाद लुइँटेल, पुस्तकालय विज्ञ दीपकराज पौडेल र चिकित्सक रामकुमार श्रेष्ठ रहनुभएको थियो ।

कार्यक्रमको प्रमुख अतिथिसमेत रहनुभएका लुइँटेलले संस्कृत साहित्य वर्तमान पनि हाम्रो प्रेरणाको स्रोत भएको विचार राख्दै नेपाली साहित्यको स्रोत संस्कृत साहित्य रहेको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, 'हामी विदेशीले बोलेका कुरालाई विज्ञान मान्छौं तर वेदले भनेको हाम्रै जनजीवनको स्रोतका रूपमा रहेको साहित्यलाई कर्मकाण्डमात्र मान्दै आएका छौं ।' लुइँटेलले चार वेदको अनुवाद गरेको प्रसंग पनि जानकारी गराउनुभयो ।

कलानिधि दाहालले सञ्चालन गर्नुभएको उक्त कार्यक्रमको अर्का मानवपुस्तक पुस्तकालयविद् दीपकराज पौडेलले आफूले विभिन्न पुस्तकालयको जिम्ममेवारी सम्हाल्दाका अनुभव बताउँदै पुस्तकालय पनि ज्ञानको एउटा अंग भएको धारणा राख्नुभयो । नव-पुस्तकालय तथा ज्येष्ठ नागरिक मिलन केन्द्र पुस्तकालय अध्यक्ष विष्णु पन्तको सभापतित्वमा सञ्चालित कार्यक्रममा डा.रामकुमार श्रेष्ठले आफू न्यूरोसर्जन बन्दाका अनुभव सुनाउनुभयो । सल्यक्रिया गर्दाका अनुभव बताउँदै उहाँले हाम्रो समाजमा डाक्टर बन्दा र त्यसभन्दा पहिलेको अवस्थामा मानिसहरूले हेर्ने दृष्टिकोणको भिन्नताका बारे बताउनुभयो ।

कार्यक्रमा पदम दाहाल, विनोद दाहाल वत्स, सुरज वैद्य, सुचिता काफ्ले, पार्वती अधिकारी, निर्मलरमण पराजुली, दुर्गा अधिकारी भमरकोटे, केशव ज्ञवाली, रीता शाही, ध्रुव गजुरेल, जानुका गुरागाईं, गणेश लोहनी तथा कल्पना दाहालले आआफ्ना रचना सुनाउनुभएको थियो । महेशप्रसाद रिजालले भने गीत गाउनुभएको थियो ।

कार्यक्रमका अन्त्यमा मुक्तिनाथ दर्शन साहित्य समाजका अध्यक्ष हरिभक्त सिग्देल महेशले धन्यवाद ज्ञापन गर्नु भयो भने विष्णुप्रसाद पन्तले सभापतिको मन्तव्य दिँदै कार्यक्रमको समापन गर्नुभएको थियो ।

# 'प्रेमको आगो' लोकार्पण

**हिमालय टाइम्स**
काठमाडौं, १४ माघ

कवि आनन्दकला राईको कविता संग्रह 'प्रेमको आगो' लोकार्पण गरिएको छ । काठमाडौंमा एक



कार्यक्रमबीच दलेन्द्र मुकारुङको सभापतित्व र श्रवण मकारुङको प्रमुख आतिथ्यतामा कवितासंग्रह लोकार्पण गरिएको हो । लोकार्पण समारोहमा अतिथिको रूपमा शान्तिकुमारी राई, अधिवला, उपप्राध्यापक डा.यादेवी ढकाल, सचित राई, प्रगति राई, वीरेन्द्र मालाकार र जयकुमार राई उपस्थित हुनुहुन्थ्यो ।

लेखक राई ग्रामर स्कुल/कलेजकी नेपाली भाषाकी शिक्षिका हुनुहुन्छ । उहाँले निकालेको यस पहिलो कविता संग्रहमा आफ्नै जीवन भोगाई, पीडा, हर्ष सबैलाई सम्टनुभएको छ । रोशन वान्तवाले सञ्चालन गरेको कार्यक्रममा शान्तिकुमारी राईले टिप्पणी समीक्षा गर्नुभएको थियो भने मालाकार, यादेवी ढकाल र प्रगति राईले विमोचित संग्रहको एउटा-एउटा कविता वाचन गर्नुभएको थियो ।

प्रमुख अतिथि श्रवण मुकारुङले कविताको विभिन्न आयामको बारेमा र कविता के हो भन्ने कुरा प्रष्ट पार्नुभएको थियो । उहाँले यो कविता संग्रह स्वछन्द छन्दमा रहेको बताउँदै यो छन्दको क्षितिज धेरै ठूलो रहेको बताउनुभयो । लैबरी लोक सांस्कृतिक समाजको आयोजनामा कार्यक्रम कोटेश्वर ग्रामर स्कुल हलमा सम्पन्न भएको थियो ।

# लघुचलचित्र 'किन' सार्वजनिक



**हिमालय टाइम्स**
काठमाडौं, १४ माघ

लघुचलचित्र 'किन'सार्वजनिक भएको छ । विभिन्न फिल्मी फेष्टिबलमा छनोटमा समेत पर्न सफल सार्वजनिक चलचित्र लभ र सस्पेन्स स्टोरीमा तयार भएको चलचित्र हो । गणेश उप्रेती, केदार उप्रेती, सन्तोष राम्दम, सिद्धार्थ विश्व र मिस नेपाल नर्थ अमेरिका गरिमा ज्ञवालीले अभिनय गरेको चलचित्र ओएसआर डिजिटलबाट सार्वजनिक गरिएको हो ।

चलचित्रमा स्वुप्न सुमको स्वर, उत्पल कँडेलको संगीत र सौरव तिमिल्सिनाको शब्द सुन्न सकिन्छ । सिदार्थ विश्वले लेखन, निर्देशन र सम्पादन गरेको चलचित्रमा नारायण उप्रेतीको सह-निर्देशन विष्णु मिश्राको मेकअप अशोक भुजेलको छायांकन छ ।

# 'डिसेम्बर फल्स-२' को निर्माण घोषणा

**काठमाडौं/हिटा ।** चलचित्र 'डिसेम्बर फल्स-२' को घोषणा गरिएको छ । आर्यन सिग्देल र उपासना सिंह ठकुरीको मुख्य भूमिका रहेको यो चलचित्रको सिरिज निर्माण हुने भएको हो । चलचित्रका निर्माता रामप्रसाद रिजालले 'डिसेम्बर फल्स-२' निर्माणको घोषणा गर्नुभएको हो ।



लक्ष्मण रिजालको लेखन एवं निर्देशनमा बन्ने चलचित्रका लागि उपासना सिंह ठकुरी फाइनल हुनुभएको छ । 'डिसेम्बर फल्स'का कलाकारहरूका साथमा अहिलेका चर्चित कलाकारसमेत चलचित्रमा रहने बताइएको छ । महेश आर गुप्ताको छायांकन रहने चलचित्र चैत दोस्रो साताबाट फ्लोरमा निस्किने जनाइएको छ । नेपाल र युरोपका विभिन्न स्थानमा चलचित्र छायांकन गरिने निर्माण टिमले जनाएको छ ।

# भारतीय वायुसेनाको दुई फाइटर विमान आपसमा ठोक्किएर दुर्घटना

**एजेन्सी**
न्यूदिल्ली, १४ माघ



भारतमा वायु सेनाका दुई विमान आपसमा ठोक्किएका छन् । शनिबार बिहान सुखोई-३० र मिराज २००० विमान आपसमा ठोक्किएर दुर्घटनामा परेका हुन् । दुर्घटनामा दुईजनाको मृत्यु भएको छ । मध्य प्रदेशको मोरेनामा वायुसेनाको सुखोई-३० एमकेआई र मिराज-२००० विमान दुर्घटनाग्रस्त भएको रक्षा स्रोतले जानकारी दिएको छ । दुवै विमान ग्वालियर एयरबेसबाट उडेका थिए ।

घटनाको जानकारी पाएलगत्तै प्रहरी र सेनाका अधिकारी घटनास्थलमा पुगेका थिए । बस्तीनजिक जंगल क्षेत्रमा विमान दुर्घटना भएपछि त्यहाँ केहीबेर नागरिकको भागदौड मच्चिएको थियो । विमानका क्षतिग्रस्त टुक्रा यत्रतत्र फैलिएको छ ।

# टाइगर कप भलिबल : आर्मीलाई हराउँदै एपीएफ च्याम्पियन



**हिमालय टाइम्स**
पोखरा, १४ माघ

गण्डकी प्रदेश तेस्रो टाईगर कप अन्तराष्ट्रिय महिला तथा पुरुष भलिबल प्रतियोगिताको पुरुषतर्फको च्याम्पियन बनेको छ । पोखरा रंगशालाको कभर्ड हलमा शनिबार भएको फाइनलमा विभागीय टोली नेपाल एपीएफ क्लबलाई तीन-दुईको सेटमा पराजित गर्दै गण्डकी च्याम्पियन बनेको हो । अपराजित रुपमा फाइनल पुगेको एपीएफले पहिलो सेट २५-१६ ले जितेको थियो । गण्डकी प्रदेशले दोस्रो सेट २५-१८ तथा तेस्रा सेट २५-१९ ले जितेको थियो ।

चौथो सेट एपीएफले २८-२६ ले जितेपश्चात खेलको निर्णय पाँचौ सेटबाट भएको थियो । निर्णायक पाँचौ सेट १५-८ ले जितेर गण्डकी च्याम्पियन बनेको हो । च्याम्पियन गण्डकीले पाँच लाख नगद प्राप्त गरे

को छ । दोस्रो हुन सफल एपीएफले भने दुई लाख ५० हजार नगद प्राप्त गरेको छ ।

महिलातर्फको उपाधि एपीएफले क्लबले जितेको छ । त्रिभुवन आर्मी तीन-एकको सेटमा पराजित गर्दै एपीएफ च्याम्पियन बनेको हो । च्याम्पियन एपीएफले पाँच लाख नगद प्राप्त गरेको छ । दोस्रो हुन सफल आर्मीले भने दुई लाख ५० हजार नगद प्राप्त गरेको छ ।

माघ ८ गतेबाट पोखरामा सुरु यस प्रतियोगितामा महिलातर्फ चार र पुरुषतर्फ पाँच टोलीको सहभागिता रहेको थियो ।

महिलातर्फ च्याम्पियन नेपाल एपीएफ क्लबसहित त्रिभुवन आर्मी क्लब, न्यु डायमण्ड स्पोर्टस क्लब र गण्डकी प्रदेशको सहभागीता थियो ।

पुरुषतर्फ भने च्याम्पियन गण्डकी प्रदेशसहित विभागिय टोली त्रिभुवन आर्मी क्लब, सेन्ट जोसेफ वाज स्पोर्टस् क्लब श्रीलंका, विभागिय टोली नेपाल पुलिस क्लब र विभागिय टोली नेपाल एपिएफ क्लबको सहभागिता थियो ।

**एपीएफका खेलाडीमाथि दर्शकबाट बोतल प्रहार**

खेल चलिरहेकै वेला खेल दुईपटकसम्म तनावको अवस्थामा पुगेको थियो । खेल हेर्नका लागि प्यारापिटमा बसेका दर्शकले एपीएफका खेलाडीमाथि बोतल प्रहार गरेका थिए । पहिलोपटक केही तनावग्रस्त भए पनि सुरक्षाकर्मीले दर्शकलाई संयमित हुन अनुरोध गर्दै अवस्था शान्त पारेका थिए । दोस्रोपटकमा भने गण्डकीले १७ र एपीएफले १४ अंक ल्याएका वेला गण्डकी प्रदेशका समर्थकले एपीएफका खेलाडीमाथि एकाएक पानीका बोतल प्रहार गरेका हुन् ।

आफूले समर्थन गरेको समूह नै अगाडि रहेका वेला पनि उनीहरूले सशस्त्रका खेलाडीलाई बोतल प्रहार गरेका हुन् । निकै प्रतिस्पर्धात्मक बनेको खेलमा एपीएफका खेलाडीलाई होतोत्साही बनाएर खेल आफूले समर्थन गरेको गण्डकी प्रदेशको टोलीलाई विजयी गराउन बल दिने गरी समर्थकले बोतल प्रहार गरेका हुन् ।

एपीएफको कोर्टमा बोतल पुग्दासाथ कोर्टमा पुगेका नेपाल प्रहरी र सशस्त्र प्रहरीले खेलाडीहरूलाई कोर्टमा सुरक्षित राखेर अवस्थालाई नियन्त्रणमा लिएका थिए ।

# सिटीले आर्सनललाई हरायो



**एजेन्सी**
लण्डन, १४ माघ

म्यानचेस्टर सिटीले इंग्लिस प्रिमियर लिगको शीर्षस्थानमा रहेको आर्सनललाई एफए कपको चौथो राउण्डमा पराजित गरेको छ । प्रिमियर लिगको दोस्रो स्थानमा रहेको सिटीले आर्सनललाई एक-शून्यले पराजित गर्दै अर्को राउण्डमा पुगेको हो । घरेलु मैदानमा सिटीको जितमा नाथन एकेले दोस्रो हाफमा गरेको गोल नै निर्णायक बन्यो ।

इतिहाद स्टेडियममा शुक्रबार राती भएको रोमाञ्चक र प्रतिस्पर्धात्मक खेलमा नाथन एकेले ६४औं मिनेटमा गोल गर्दै सिटीलाई एक-शून्यको अग्रता दिलाउनुभयो । उहाँले ज्याक ग्रेलिसको पासमा गोल गर्नुभएको थियो । त्यसपछि थप गोल निस्कन नसक्दा सिटी विजयी हुन सफल भयो ।

यता, जर्मन बुन्डेसलिगा फुटबलमा आरबी लाइपजिगले जित निकालेको छ । शुक्रबार राती भएको खेलमा लाइपजिगले स्टुटगार्डलाई दुई-एक गोलअन्तरले हराएको हो । खेलको २५औं मिनेटमा डोमिनिक सोबोस्लाइले गोल गर्दै लाइपजिगलाई सुरुवाती अग्रता दिलाउनुभयो । खेलको ४९औं मिनेटमा डोमिनिकले व्यक्तिगत दोस्रो गोल गर्दै लाइपजिगलाई दुई-शून्यको अग्रता दिलाउनुभयो ।

त्यसपछि खेलको ६८औं मिनेटमा स्टुटगार्डका क्रिस फुरिचले पेनाल्टीमा गोल गरे पनि लाइपजिग दुई-एकले विजयी भयो । जितसँगै लाइपजिग दोस्रो स्थानमा उक्लिएको छ । लाइपजिगले १८ खेलमा ३५ अंक जोडेको छ । स्टुटगार्ड १६ अंक जोडेर १५औं स्थानमा रहेको छ ।

# साबालेन्कालाई अष्ट्रेलियन ओपनको उपाधि



**एजेन्सी**
मेलबर्न, १४ माघ

बेलारुसकी आर्यना साबलेन्काले अष्ट्रेलियन ओपन टेनिस अन्तर्गत महिलातर्फको उपाधि जित्नुभएको छ । मेलबर्नमा शनिबार भएको फाइनलमा काजकिस्तानकी एलिना रेबाकिनालाई हराउँदै साबालेन्का च्याम्पियन बन्नुभएको हो । पाँचौं वरीयताकी साबलेन्काले एलिनालाई ४-६, ६-३ र ६-४ ले पराजित गर्नुभयो ।

साबलेन्काको यो पहिलो ग्रान्डस्लाम टेनिसको उपाधि हो । २४ वर्षीया साबलेन्काले पहिलो पटक अष्ट्रेलियन ओपनको उपाधि जित्नुभएको हो । एलिना भने दोस्रो पटक ग्रान्डस्लाम जित्नबाट बन्चित हुनुभयो । पुरुषतर्फको उपाधिका लागि सर्बियाका नोभाक जोकोभिच र ग्रीसका स्टेफानोस सित्सिपास भिड्नुहुने छ ।

# सात खेलाडी बन्द प्रशिक्षणमा फर्किए




**हिमालय टाइम्स**
काठमाडौं, १४ माघ

नेपाल क्रिकेट संघ (क्यान)ले राष्ट्रिय पुरुष टिमको बन्द प्रशिक्षणमा २८ खेलाडीलाई बोलाएको छ । जसमा सात खेलाडीले पुनरागमन गरेका छन् । घरेलु मैदानमा हुने आइसिसी विश्व क्रिकेट लिगअन्तर्गतको त्रिदेशीय एकदिवसीय सिरिजका लागि ती खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाइएको हो ।

बन्द प्रशिक्षणमा बोलाइएको नेपाली टोलीमा कुशल भुर्तेल, आसिफ शेख, ज्ञानेन्द्र मल्ल, रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी, आरिफ शेख, गुलशन झा, करण केसी, सोमपाल कामी, शरद भेषवाकर, ललितनारायण राजवंशी, विनोद भण्डारी, सागर ढकाल, सन्दीप जोरा, किशोर महतो, कमलसिंह ऐरी, सिद्धान्त लोहनी, अर्जुन साउद, अभिनाश बोहरा, सूर्य तामाङ, विवेक यादव, भीम सार्की, कुशल मल्ल, मौसम ढकाल, अनिल शाह, विक्रम सोब, भुवन कार्की र अंकित सुवेदी हुनुहुन्छ ।

त्यसमध्ये शरद भेषवाकरले गत वर्ष ओमान भ्रमणपछि टोलीमा पुनरागमन गर्नुभएको हो । यस्तै, विक्रम सोबले पछिल्लोपटक जेठमा भएको अमेरिका भ्रमणपछि बन्द प्रशिक्षणमा स्थान बनाउनुभएको हो । प्रधानमन्त्री कपमा उहाँले पाँच खेलमा ११ विकेट लिनुभएको थियो ।

अर्का अलराउण्डर भुवन कार्कीले झण्डै तीन वर्षपछि बन्द प्रशिक्षणमा स्थान बनाउनुभयो । उहाँले अन्तिमपटक २०२० इस्टर्न रिजनमा थाइल्याण्डविरुद्ध खेल्नुभएको थियो । प्रधानमन्त्री कपमा एपिएफलाई च्याम्पियन बनाउन भुवनले ६ खेलमा १० विकेट लिनुभएको थियो ।

यस्तै, विकेटकिपर अनिलकुमार शाह पनि क्याम्पमा फर्किनुभएको छ । अनिल पछिल्लोपटक नेपाली टोलीमा गत मार्चमा पपुवा न्युगिनीसँगको दुई ओडिआई खेलको सिरिजमा नेपाली टोलीमा फर्कनुभएको थियो । प्रधानमन्त्री कपमा उहाँले पाँच खेलमा १३९ रन बनाउनुभएको थियो ।

त्यसबाहेक सिद्धान्त लोहनीले २०१७ पछि नेपाली टोलीको प्रशिक्षणमा मौका पाउनुभयो । प्रधानमन्त्री कपमा सिद्धान्तले प्रदेश १ बाट चार खेलमा दुई अर्धशतकसहित १४६ रन बनाउनुभएको थियो । यस्तै, युवा ब्याटर सन्दीप जोरा पनि लामो समयपछि क्याम्पमा फर्किनुभएको छ । जोरा अन्तिमपटक नेपाली टोलीमा २०२१ को अप्रिलमा टियु मैदानमा भएको नेदरल्याण्ड्स र मलेसियासँगको त्रिकोणात्मक टी-२० आई सिरिजमा हुनुहुन्थ्यो ।

उहाँहरूबाहेक तीन खेलाडी पहिलोपल्ट राष्ट्रिय टोलीको बन्द प्रशिक्षणमा पर्नुभएको छ । युवा ओपनर अंकित सुवेदी, स्पिनर सूर्य तामाङ र मौसम ढकाल पहिलोपटक टोलीमा पर्नुभएको हो ।

प्रदेश १ बाट घरेलु क्रिकेट खेल्ने अंकित, बागमती प्रदेशबाट खेल्ने स्पिनर सूर्य, नेपाल एपिएफ क्लबबाट घरेलु क्रिकेट खेल्ने लिग स्पिनर मौसम ढकाल पहिलोपटक बन्द प्रशिक्षणमा पर्नुभएको हो ।

अंकितले प्रधानमन्त्री कपमा चार खेलमा एक शतक र एकमा अर्धशतकसहित कुल १८६ रन बनाउनुभएको थियो । अंकितले बागमती प्रदेशविरुद्ध ११० रनको शतकीय इनिङ खेल्नुभएको थियो । मौसम ढकालले प्रधानमन्त्री कपमा ६ खेलमा १५ विकेट लिँदै शीर्षस्थान लिनुभएको थियो । उहाँले नेपाल टी-२० लिगमा पोखरा एभेन्जर्सबाट खेल्नुभएको थियो ।

बागमती प्रदेशबाट घरेलु क्रिकेट खेल्ने बायाँ हाते स्पिनर सूर्य तामाङले पछिल्लो समय लगातार उत्कृष्ट प्रदर्शन गर्दै आउनुभएको छ ।

त्रिवि क्रिकेट मैदानमा आयोजना हुने सिरिजमा नेपाल, नामिबिया र स्कटल्याण्डले प्रतिस्पर्धा गर्नेछन् । सिरिजको पहिलो खेलमा नेपालले फेब्रुअरी १४ मा नामिबियासँग खेल्नेछ । यस्तै, नेपालले दोस्रो खेलमा स्कटल्याण्डसँग फेब्रुअरी १७ मा खेल्नेछ । नेपालले फेब्रुअरी १८ मा नामिबियासँग दोस्रो खेल खेल्दा स्कटल्याण्डसँग फेब्रुअरी २१ मा पुनः खेल्नेछ ।

सिरिजमा नेपाल २४ खेलमा १८ अंक जोडेर छैटौं स्थानमा रहेको छ । स्कटल्याण्ड ३२ खेलमा ४६ अंक जोडेर शीर्षस्थानमा रहेको छ । नामिबिया ३० खेलमा ३७ अंक जोडेर तेस्रो स्थानमा रहेको छ ।

# केन्द्रबाट प्रतिनिधि छनोट

**हिमालय टाइम्स**
काठमाडौं, १४ माघ

राष्ट्रिय खेलकुद परिषद् (राखेप) कर्मचारी संघ, केन्द्रीय कार्यसमितिको महाधिवेशन तथा निर्वाचनका लागि केन्द्रबाट सहभागी हुने प्रतिनिधि चयन भएका छन् । खुलातर्फ १४ प्रतिनिधि छनोट हुने प्रावधान थियो । २८ जनाले उम्मेदवारी दिएका थिए ।

निर्वाचितमध्ये सरस्वती केसीले सर्वाधिक ८४ मत प्राप्त गर्नुभयो । निर्वाचित हुने अन्यमा रामकृष्ण घिमिरे (८१), विजयन्त शर्मा (पिन्टु) (८०), लिलाराम बस्नेत (७६), कुमार बस्नेत (७४), सुजन खतिवडा (७१), खुसराज दाहाल (६८), लोकेन्द्रकुमार बस्नेत (६६), डिल्लीराम काफ्ले (६५), रेखा बस्नेत (६०), गोपीकृष्ण निरौला ((५९), रिखिराम पोखरेल (५८), दुर्गादेवी बस्नेत (५८) र दोवे तामाङ (५०) रहनुभएको छ ।

कुल १२६ मतदाता रहेकोमा ११४ मत खसेको थियो । सदर मत संख्या १०९ थियो । पाँच मत बदर भएको थियो । महिला आरक्षिततर्फ तीनजना छनोट हुनुपर्नेमा चारजनाले उम्मेदवारी दिएका थिए । अमृता घिमिरे (९१), पार्वती राई (८८) र ढाकादेवी पराजुली (७१) निर्वाचित हुनुभयो ।

आरक्षित श्रेणीविहीनतर्फ बद्रीकुमार खत्री निर्विरोध निर्वाचित हुनुभयो । केन्द्रीय महाधिवेशन तथा निर्वाचन फागुन ४ देखि ५ गतेसम्म लुम्बिनी प्रदेशको नेपालगञ्जमा हुँदैछ । केन्द्रीय महाधिवेशन तथा निर्वाचनमा जिल्ला, प्रदेश र केन्द्रबाट जम्मा १२० प्रतिनिधि सहभागी हुने राखेप कर्मचारी संघ केन्द्रीय निर्वाचन आयोगका सचिव भोजानन्द राईले जनाउनुभएको थियो ।



# जैशीदेवलका रोशनलाई स्वर्ण



**काठमाडौं/हिटा ।** आयोजक जैशीदेवल युथ क्लब 'बी' का रोशन तामाङले तेस्रो जुनियर आमन्त्रण मेयर कप तेक्वान्दो प्रतियोगितामा स्वर्ण जित्नुभएको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा भएको पुरुष १५-२८ केजी फाइनलमा रोशनले भक्तपुर नगरपालिकाका कपिल थामीलाई पराजित गर्नुभयो । भक्तपुरका शोभराज तामाङ र नागर्जुन नगरपालिकाका युवराज फुयाल तेस्रो हुनुभयो । महिला २३-२६ केजीमा भक्तपुरकी जेनी जोशी पहिलो हुनुभयो । जेनीले फाइनलमा बाह्रबिसे नगरपालिकाकी इभाना श्रेष्ठलाई हराउनुभयो । गोदावरी नगरपालिकाकी सन्दना घिमिरे र आयोजक 'ए' की सुप्रिया जोशी तेस्रो बन्नुभयो । पुरुष ३१-३४ केजीमा काठमाडौं महानगरपालिकाका रोहन भुजेलले फाइनलमा तार्केश्वर नगरपालिकाका रोजन घलेलाई पाखा लगाउँदै स्वर्ण जित्नुभयो । मध्यपुर नगरपालिकाका सुमन मोक्तान र बाह्रबिसेका मनिष थापाले कांस्य हात पार्नुभयो ।

पुरुष एकल पुम्सेमा गोदावरीका निरव महर्जन पहिलो, महालक्ष्मी नगरपालिकाका आयुश भोटे दोस्रो तथा निलकण्ठ नगरपालिकाका समिर तामाङ र ललितपुर महानगरपालिकाका विलवराज क्षेत्री तेस्रो हुनुभयो । उक्त स्पर्धाको महिलामा बुढानीलकण्ठ नगरपालिकाकी युनिका खतिवडा पहिलो, गोदावरीकी सरगम थापा दोस्रो तथा तार्केश्वरकी कुञ्जिता गुरुङ र निलकण्ठकी सुवानी तामाङ तेस्रो हुनुभयो । प्रतियोगितामा विभिन्न २० स्पर्धामा ३०० खेलाडीको सहभागिता रहेको आयोजक क्लबका अध्यक्ष राजेश प्रजापतीले जनाउनुभएको छ ।

# अन्तर्राष्ट्रिय टेनिस सोमबारदेखि

**काठमाडौं/हिटा ।** नेपाल टेनिस संघको आयोजनामा जे ६० काठमाडौं आइटिएफ जुनियर टेनिस च्याम्पियनसिपअन्तर्गत सर्किट-१ सोमबारदेखि हुने भएको छ । यू-१८ उमेर समूहको प्रतियोगितामा ब्वाइजतर्फ आठ तथा गर्ल्समा सात राष्ट्रको सहभागिता रहने आयोजक संघका सदस्यसमेत रहनुभएका प्रतियोगिता निर्देशक अजय विष्टले जानकारी गराउनुभयो । ब्वाइज/गर्ल्समा दुवैमा समान ६४-६४ खेलाडी रहेकाले दुवै समूहमा समान ३२-३२ खेलाडीको 'मेन ड्र'का लागि शनिबार र आइतबार छनोट खेल खेलाइनेछ ।

छनोटको ब्वाइजमा नेपालबाट नौ, भियतनाम, चाइनिज ताइपेइ, चीन र दक्षिण कोरियाबाट समान तीन-तीन, अमेरिका र हङकङबाट समान दुई-दुई तथा भारतबाट ३९ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । गर्ल्समा नेपालबाट नौ, हङकङ, बेल्जियम, रुस र थाइल्याण्डबाट एक-एक, मंगोलियाबाट दुई र भारतबाट ४९ खेलाडी सहभागी हुनेछन् । प्रतियोगिताअन्तर्गत सर्किट-२ फेब्रुअरी ६ देखि ११ तारिखसम्म हुनेछ । खेलहरू सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा हुनेछ । प्रतियोगिता सञ्चालन गर्न करिब १२ लाख खर्च हुने आयोजकले जनाएको छ ।

Government of Nepal
Ministry of Forest and Environment
Department of Plant Resources
Natural Products Research Laboratory
Thapathali, Kathmandu

Tender for the Supply and Delivery of Ration Feed

(Date of Second publication: 2079/10/15

The Natural Products Research Laboratory invites sealed quotations from registered suppliers for the supply and delivery of Ration feed from Falgun 2079 BS to Poush 2080 BS for animals reared in this laboratory. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Natural Products Research Laboratory, 015368247. A complete set of bidding documents can be purchased from this office during office hours upon payment of a non-refundable fee of Rs. 1,000.00 (One thousands rupees only) (non-refundable) till 15th day from the date of second publication of the notice. Sealed bids must be submitted to the office of Natural Products Research Laboratory, Thapathali by hand before 12:00noon on 16th day from the date of the second publication of the notice and the documents received after this deadline will be rejected. If there is a public holiday on the last day for registering and opening of the sealed quotation, the work will be done the next day. For more information, please contact the administration branch of the office.

CMYK

# आविष्कार केन्द्रले कृषि औजार कारखानामा खेती गर्ने

लेखनाथ पोखरेल/हिटा
काठमाडौं, १४ माघ



राष्ट्रिय आविष्कार केन्द्रले वीरगञ्जस्थित कृषि औजार कारखानाको खाली जग्गामा खेती गर्ने भएको छ। कारखाना परिसरमा करिब चार बिघा खाली जग्गा रहेकाले यसै वर्षदेखि ट्र्याक्टरले जोतेर मकै, धान र तोरीखेती सुरु गरिने आविष्कार केन्द्रका अध्यक्ष डा. महावीर पुनले बताउनुभएको छ। साथै फलफूल खेती र माछा पालनसमेत गरिने उहाँले उल्लेख गर्नुभएको छ। डा. पुनले आफ्नो सामाजिक सञ्जाल फेसबुकमा लेख्नुभएको छ, 'खानका लागि धान, मकै, तोरी, दाल, तरकारी लगाइन्छ। अनि यो कारखानामा धेरै किसिमका कृषि औजारहरू बनाइन्छ। औजार र मेसिन बनाउन नयाँ-नयाँ अनुसन्धान गर्नेलाई प्रोत्साहन गरिन्छ। एउटा अनुसन्धान केन्द्र पनि खोलिन्छ र कृषिसम्बन्धी अनुसन्धान पनि गरिन्छ।'

केन्द्रले अहिले कारखाना परिसरको झाडी सफा गर्ने काम सुरु गरेको छ। जसका लागि वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान श्रेष्ठले डोजर उपलब्ध गराउनुभएको छ। आविष्कार केन्द्रसहित नौजनाको टोली झाडी सफाइमा जुटेको हो। उक्त कार्यका लागि परिवर्तन नेपाल फाउण्डेसनले पनि सहयोग गरेको छ। डा. पुन भन्नुहुन्छ, 'परिवर्तन नेपाल फाउण्डेसनका भाइबहिनीले मेयरज्यूको फोन नम्बर दिए, मैले मेयरज्यूलाई फोन गरेर डोजर चाहिएको कुरा बताएँ। अनि एक घण्टाभित्रै एक्साभेटर पठाइदिनुभयो र झाडी सफा गर्ने र जग्गा सम्याउने काम सुरु भयो। डोजर पाऊँ भनेर कुनै निवेदन लेख्नुपरेन र सम्झौता पनि गर्नुपरेन। धन्यवाद छ।'

केन्द्रले पहिलो चरणमा कारखानाको सरसफाइ र कवाडी छुट्याउने र विभिन्न मेसिन जाँच गर्ने गरेको थियो भने कारखानाको विस्तृत सर्भे गरी मर्मत गरेर सञ्चालनमा ल्याउन लाग्ने लागत २५ करोड रुपैयाँ चाहिने भन्दै नेपाल सरकारलाई प्रस्ताव गरेको छ।

अब कारखानाभित्रका केही महत्त्वपूर्ण मेसिन डाई प्रेस मेसिन, मिलिङ मेसिन, लेथ मेसिन, पंचिङ मेसिन, ड्रिल मेसिन र फर्नेस मर्मत गरेर काम गर्ने बनाउने, पहिले नै बनाइसकेका पाँचवटा औजारका डाई छानेर हरेक औजारको १५/१५ पिस नमुना बनाउने र परीक्षण गर्ने केन्द्रको तयारी छ। कारखानामा कम्तीमा पनि चार बिघाजति ठाउँ खाली नै छ। केन्द्रका अध्यक्ष पुन भन्नुहुन्छ, 'नलुकाइ भन्नुपर्दा कृषि औजार कारखानालाई पुनर्सञ्चालनमा ल्याउने कुरा धेरैले असम्भव नै ठानेका छन्। हरेस खाने मान्छेले त यो काम आँट गर्दै गर्दैन तर केन्द्रका हामी मूर्ख र गोक्तेकाजीहरू चाहिनेभन्दा बढी नै मूर्ख भएकोले यो काम आँट गरेको हो। यसमा सबै नेपालीको साथ र आइडिया चाहिन्छ। आँट गरेर आउनेलाई स्वागत।'

निवर्तमान अर्थमन्त्री जनार्दन शर्माले कृषि औजार कारखाना

> कारखाना परिसरमा करिब चार बिघा खाली जग्गा रहेकाले यसै वर्षदेखि ट्र्याक्टरले जोतेर मकै, धान र तोरीखेती सुरु गरिने आविष्कार केन्द्रका अध्यक्ष पुनले बताउनुभएको छ।

राष्ट्रिय आविष्कार केन्द्रलाई पुनः सञ्चालनमा ल्याउने जिम्मा दिनुभएको थियो। कारखाना पुनः सञ्चालनका लागि अर्थ मन्त्रालय र केन्द्रबीच १२ बुँदे सम्झौता भएको छ। गत भदौ ३१ को मन्त्रिपरिषद् बैठकले करिब तीन दशकदेखि बन्द रहेको कृषि औजार कारखाना आविष्कार केन्द्रलाई सञ्चालन गर्न दिने निर्णय गरेको थियो। सरकारले आर्थिक वर्ष २०७९/०८० को बजेटमा बन्द तथा रुग्ण कारखाना पुनः सञ्चालनको घोषणाअनुसार नै केन्द्रलाई कृषि औजार कारखाना सञ्चालन गर्ने जिम्मा केन्द्रलाई दिएको हो। सम्झौताअनुसार केन्द्रले योजना निर्माण, जनशक्ति विकास, कृषि औजार उत्पादन र बजारीकरणलगायतका कामसहित १० वर्षसम्म सञ्चालनको जिम्मा पाएको छ।

कारखानाको मर्मतसम्भार र मेसिनरी औजार थप गर्न आवश्यक रकम सञ्चालक समितिको सिफारिसमा पहिलोपटकलाई अर्थ मन्त्रालयले बजेट व्यवस्था गर्ने, केन्द्रले कृषि औजार कारखानामा अनुसन्धान केन्द्र स्थापना गरी अनुसन्धान र तालिमसमेत सञ्चालन गरी जनशक्ति उत्पादनका साथै आधुनिक कृषि औजार उत्पादन र बिक्री गर्ने, बिक्रीबाट प्राप्त रकम कारखाना सञ्चालन एवं स्तरोन्नतिमा खर्च गरी प्रचलित कानुनबमोजिम करपछि बचत रकममध्ये ५० प्रतिशत कोष खडा गरी बाँकी ५० प्रतिशत रकम वार्षिकरूपमा सरकारको राजस्व खातामा जम्मा गर्नुपर्ने सम्झौतामा उल्लेख छ। त्यस्तै, सञ्चालक समितिले केन्द्रको सिफारिसमा कारखानामा कार्यरत प्राविधिक तथा व्यवस्थापकीय जनशक्तिको सेवासुविधा निर्धारण गर्ने र अनुमोदन गर्ने, केन्द्रले सरकारको उत्पादन वृद्धि र आयात प्रतिस्थापन गर्ने नीतिलाई कृषि औजार उत्पादन, वितरणमा टेवा पुऱ्याउने उद्देश्यप्रति प्रतिबद्ध भई कामकाज गर्नुपर्ने, केन्द्रको सिफारिसमा सञ्चालक समितिले सञ्चालन कार्ययोजना स्वीकृत गर्ने, सोहीक्रममा हाल उपलब्ध चल-अचल सम्पत्तिको लगत तयार गरी प्रमाणित गरी अभिलेख राखी केन्द्रलाई जिम्मा दिइने, सञ्चालन जिम्मा लिएको केन्द्रले प्राप्त सम्पूर्ण भौतिक सम्पत्ति, जायजेथाको रक्षा गर्ने र संरक्षण गर्ने दायित्व पूरा गर्नुपर्ने पनि सम्झौतापत्रमा उल्लेख छ।

त्यसैगरी सम्झौता अवधि कारखाना जिम्मा पाएको मितिबाट १० वर्षको हुने भए पनि सम्झौताका दुवै पक्षले तीन महिनाको अग्रिम सूचना दिई सम्झौता रद्द गर्न सक्ने, केन्द्रले कारखाना सञ्चालनको आम्दानी खर्चको प्रचलित कानुनबमोजिम लेखा राखी लेखापरीक्षण गराउने र वार्षिकरूपमा आय विवरण पेश गर्ने सम्झौता छ।

# किसानका उत्कृष्ट डिलर सम्मानित



**काठमाडौं।** किसान पाइप प्रोडक्सन प्रालिले उत्कृष्ट डिलरलाई सम्मान गरेको छ। राजेश सेनिटरीका विकास अग्रवाल, दाङका फनिराज पोखरेल, काठमाडौंका रविन्द्र प्रधानांग, काठमाडौंका राजेन्द्र माखारी र सानेपाका अजयकुमार पाण्डे सम्मानित हुनुभएको हो। शनिबार राजधानीमा आयोजित १३औं साधारण सभामा कम्पनीका अध्यक्ष विष्णुप्रसाद पाण्डेले उहाँहरूलाई सम्मान गर्नुभएको कम्पनीले जनाएको छ। कम्पनीका अनुसार किसान पाइपका नेपालभर तीन सय ५० भन्दा बढी डिलर रहेका छन् भने कम्पनीले सिपिभिसी, पिभिसी, एचडिपिई पाइप तथा वाटर ट्यांक उत्पादन गर्दै आएको छ।

साधारण सभामा कम्पनीका अध्यक्ष पाण्डेले लामो समयदेखि निर्माण क्षेत्रमा व्यवसाय गर्दै आएकाले किसानले गुणस्तरीय निर्माण सामग्रीमात्रै उत्पादन गर्ने गरेको र सोही कारण पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म सामानको माग उच्च रहेको दाबी गर्नुभएको छ। उहाँले भन्नुभयो, 'हामी मूल्यमा होइन, गुणस्तरमा केन्द्रित छौं, आजका दिनसम्म आइपुग्दा घर, उद्योग, हाउजिङ, कमर्सियल बिल्डिङलगायत सम्पूर्ण क्षेत्रमा प्रयोग हुने पाइप र फिटिंग्स दिन सफल भएका छौं।' १२ वर्षअघि नवलपरासीको बर्दघाटमा ट्यांकी फ्याक्टी र पाइप उत्पादनबाट सुरु गरेको कम्पनीले हाल फिटिंग्स युपिभिसी, एचडिभी, पिभिसी रातो माल्डो ट्यांक, ब्लो ट्यांक, बोरिङ पाइपलगायत उत्पादन गर्दै आएको छ। कम्पनीका प्रबन्ध निर्देशक अजय पाण्डेले कम्पनीले जापानिज ब्राण्डसँगको सहकार्यमा उत्पादन गर्दै आएकाले दिनप्रतिदिन व्यवसाय बढेको दाबी गर्नुभयो। कम्पनीका निर्देशक भीम पौडेलले हालको मन्दीमा पनि कम्पनीका गुणस्तरीय उत्पादनका कारण राम्रो बजार भएको बताउनुभयो। कार्यक्रममा सेयर होल्डर प्रेम महर्जन, अजय अटल, फणिन्द्रराज पोखरेल र सुरेन्द्र श्रेष्ठले डिलरबीच आपसी सहकार्य गर्दै उत्पादनलाई सहज र सुलभरूपमा बजारको मागअनुसार उपलब्ध गराउनु मुख्य उद्देश्य रहेको बताउनुभएको छ।

# समृद्धिको बिजनेस वर्कसप




**काठमाडौं।** समृद्धि फाइनान्स कम्पनीले माघ १३ र १४ गते बिजनेस डेभलपमेन्ट वर्कसप आयोजना गरेको छ। कार्यक्रममा कम्पनीको अर्धवार्षिक समीक्षाका साथै आगामी रणनीतिक योजनाबारेमा छलफल भएको कम्पनीले जनाएको छ। काठमाडौंमा आयोजित उक्त कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृतसहितको उच्च व्यवस्थापन, विभागीय प्रमुख र शाखा प्रबन्धकको उपस्थिति रहेको बताइएको छ। कम्पनीले हाल आठवटा शाखामार्फत् सेवा प्रदान गर्दै आएको छ।

# व्यवसायीद्वारा बैंकविरुद्ध आन्दोलन घोषणा




हिमालय टाइम्स
काठमाडौं, १४ माघ

नेपाल राष्ट्रिय व्यवसायी महासंघले बैंकविरुद्ध आन्दोलन घोषणा गरेको छ। शुक्रबार बसेको महासंघको बैठकले वर्तमान मुलुकको चुनौतीपूर्ण अर्थतन्त्र तथा बैंकहरूले उद्योगी व्यवसायीलाई गर्दै आएको अपमानप्रति आपत्ति जनाउँदै बैंकविरुद्ध आन्दोलन घोषणा गरेको हो। बैंकहरूले लिने चर्को ब्याजदर, कालोसूचीमा उद्योगी व्यवसायीको नामाकरण तथा धितो लिलामी गरी व्यवसायी दिनप्रतिदिन आत्महत्या र आत्मदाह गर्न बाध्य पार्ने कार्यको भर्त्सना गर्दै शान्तिपूर्ण आन्दोलनको घोषणा गरिएको महासंघले जनाएको छ। साथै महासंघले मुलुकको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेका उद्योगी व्यवसायीमाथि राज्यले सधैं अपहेलना गरेको आरोपसमेत लगाएको छ।

महासंघका अध्यक्ष कुमार कार्कीले सरकारले मध्यम वर्गका उद्योगी व्यवसायीप्रति लिने नीति व्यवसायीमैत्री नभएको तथा बैंकहरूले उद्योगी व्यवसायीलाई पीडित बनाएको बताउनुभएको छ। राज्यको नीति र बैंकहरूको मनोमानीका कारण व्यवसायीले दैनिक आत्महत्या गर्न थालेको उहाँको भनाइ छ।

**सहज व्यावसायिक गतिविधिमा चेम्बरको जोड**

नेपाल चेम्बर अफ कमर्शले मुलुकमा पछिल्लो समय व्यावसायिक गतिविधि सहज हुन नसकेको भन्दै आर्थिक र वित्तीय अनुशासनका लागि सरकार तथा सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ। व्यावसायिक कठिनाइका कारण आत्मदाह गर्ने अवस्था आउनु मुलुककै लागि दुर्भाग्य भएको भन्दै चेम्बरले वित्तीय संस्थामा लामो समयदेखि सिर्जित समस्याले उद्योगी र व्यावसायिक क्षेत्रमा गम्भीर असर गरेको जनाएको छ।

चेम्बरद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'व्यावसायिक समस्याकै कारण आत्मदाहको अवस्थामा पुग्नु समग्र राष्ट्रका लागि दुखद घटना हो, मुलुकमै केही गर्न खोज्ने युवाका लागि राज्य संयन्त्रबाट नीतिगत झन्झट अन्त्य गर्न र बैंक तथा वित्तीय संस्थाले पनि ऋण लिनेदिने प्रक्रिया सेवामुखी बनाउनुपर्छ। उच्च ब्याजदर नियन्त्रण तथा लगानीमैत्री वातावरण चाहिन्छ।'

चेम्बर अध्यक्ष राजेन्द्र मल्लले मुलुकमा हुने उधारो कारोबार निरुत्साहित गरी नगद कारोबारलाई प्रोत्साहन एवं डिजिटल प्रणालीमा लैजान आग्रह गर्नुभएको छ। उहाँले ब्याजदरको स्थायित्व र लगानीका लागि सहज वातावरण बनाउन केन्द्रीय बैंक एवं बैंक वित्तीय संस्थालाई पुनः आग्रह गर्नुभएको छ। पछिल्लो समय साना, मझौला, महिला उद्यमी, कृषिलगायतका क्षेत्रको उद्यमशीलता विकासका लागि राज्यले ठोस नीतिगत व्यवस्था गर्नुपर्नेमा चेम्बरको जोड छ।

# डढुवा रोगले आलुखेती सखाप

ध्रुवसागर शर्मा/हिटा
म्याग्दी, १४ माघ



म्याग्दीको आलुखेतीमा डढुवा रोगको प्रकोप फैलिएको छ। यहाँका अधिकांश क्षेत्रमा लगाइएको आलुमा डढुवाको प्रकोप देखिएको हो। डढुवाले आलु सखाप भएपछि किसान चिन्तित बनेका छन्। कात्तिक महिनामा लगाइएको आलुमा माघ महिनामै डढुवा लागेर सखाप भएपछि आलु उत्पादन घट्ने भएको छ।

व्यावसायिकरूपमा आलुखेती गर्दै आएका बेनी नगरपालिका, मालिका, रघुगंगा र मंगला गाउँपालिकाका किसानको आलु डढुवाले सखाप पारेको कृषि प्राविधिकहरूले बताएका छन्। अधिकांश किसानले लगाएको आलुमा मौसम परिवर्तनसँगै डढुवाको प्रकोप फैलिएको हो। चिसो मौसमको सुरुवातपछि किसानले आलुखेतीमा ध्यान नदिँदा कतिपय किसानको आलुखेती नष्ट भएको मंगला गाउँपालिकाका कृषि प्राविधिक जगत् बानियाँले बताउनुभयो। रघुगंगा गाउँपालिका-६ पाखापानी र ठाडाखानीका किसानले लगाएको आलुमा पनि डढुवाको संक्रमण फैलिएको ठाडाखानीका किसान दलबहादुर छन्त्यालले बताउनुभयो।

खेती गर्दा ध्यान दिने र प्राविधिकको सल्लाहअनुसार समयमै खेतीपातीको रेखदेख गर्ने गरेमा आलुलाई रोगकिराबाट बचाउन सकिने कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख किरण सिग्देल बताउनुहुन्छ।

म्याग्दीमा व्यावसायिकरूपमा एक सय हेक्टरभन्दा बढी क्षेत्रफलमा आलुखेती गरिएको छ। आलु सुपरजोन, स्थानीय पालिका र किसानको साझेदारी बीउमा अनुदान पाई किसानले करिब एक हजार क्विन्टल आलुको बीउ लगाएको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ।

पछौटे डढुवा आलुबालीमा लाग्ने रोगमध्ये प्रमुख रोग भएको कृषि प्राविधिक बानियाँले बताउनुभयो। बानियाँका अनुसार डढुवाबाट हुने क्षतिको क्रम हरेक वर्ष विकरालरूपमा बढिरहेको छ। पहाडी जिल्लाका साथै तराईका जिल्लामा समेत डढुवा रोग महामारीरूपमा फैलिसकेको छ।

सुरु अवस्थामा पातमा हल्का हरियो रङका विभिन्न आकारका थोप्ला देखिने कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सिग्देलले बताउनुभयो। सिग्देलका अनुसार ओसिलो वातावरणमा ढुसीको अत्यधिक विकास भई पातको तल्लो सतहमा थोप्लावरिपरि कपासको घेराजस्तो देखिन्छ। रोग बढी हुँदै गयो भने पूरै पात सुकेर डढेजस्तो हुन्छ भने अनुकूल वातावरण रह्यो भने पात, काण्ड, डाँठ र दानामा समेत संक्रमण हुन्छ। फाइटफथोरा इन्फेस्टेन्स नामक ढुसी नै यो रोगको प्रमुख कारक तत्त्व भएको विशेषज्ञले बताएका छन्। यस प्रजातिका ढुसीमध्ये मेटिङ टाइप पी १ र मेटिङ टाइप पी २ नामक उपप्रजाति नेपालमा पाइएका छन्।

वायुमण्डलको सापेक्षिक आर्द्रता ८०.९५५ र रातको तापक्रम १०.१२ डिग्री सेल्सियस, लामो समयसम्म सिमसिमे पानी, दिनमा घाम नलागेर बादल लागेमा र हावा, पानी, बीउ र माटोको माध्यमबाट यो रोग देखापर्ने विशेषज्ञको भनाइ छ। रोग व्यवस्थापनका लागि म्यान्कोजेब वा बेभिस्टिन दुई ग्राम एक लिटर पानीमा हालेर आधा घण्टासम्म बीउ भिजाइ छायामा सुकाएर रोप्ने र ट्राइकोड्रामा आधा र ५० केजी कम्पोस्टमा मिसाएर दुईदेखि तीन रोपनीमा मिलाएर खेत जोतेर मौसम प्रतिकूल हुने संकेत देखिनेबित्तिकै कपरअक्सिक्लोराइड दुई ग्राम एक लिटर पानीमा हालेर छर्ने तथा रोग लागेका बोट हटाइदिनुपर्ने कृषि विज्ञको सुझाव छ।


# इञ्जिनियरिङका विद्यार्थी नेपाल इको प्यानलमा

**भक्तपुर।** आर्यन स्कुल अफ इञ्जिनियरिङ एण्ड म्यानेजमेन्टमा अध्ययनरत सिभिल इञ्जिनियरिङका विद्यार्थीले नेपाल इको प्यानलको अवलोकन भ्रमण गरेका छन्।

उनीहरूले भक्तपुरको चाँगुनारायण नगरपालिका-३ झौखेलस्थित इको प्यानल उत्पादन कारखानाको अवलोकन गरेका हुन्। विद्यार्थीले इको प्यानल उत्पादनका क्रममा हुने वातावरणमैत्री, ऊर्जा किफायतीलगायतका विषयमा जानकारी पाएका थिए। कारखाना भ्रमणका क्रममा विद्यार्थीलाई इको प्यानलको विशेषता अग्नि प्रतिरोधीबारेमा बुझाउन इको प्यानलमा आगो लगाउँदा पनि नलागेको देखाइएको थियो। जसका लागि इको प्यानलमा पेट्रोल छर्केर आगो लगाउँदा पेट्रोल भएसम्म मात्रै बल्ने तर केही असर नगर्ने भनेर आगो लगाएर देखाइएको थियो। फ्याक्ट्री म्यानेजर सुजन सुजखू र प्रोजेक्ट म्यानेजर सजिन ज्याख्वले इको प्यानलको उत्पादन प्रक्रियाका विविध पक्षबारे जानकारी गराएको कम्पनीले जनाएको छ।

# बजेटको अर्धवार्षिक समीक्षाको तयारी

हिमालय टाइम्स
काठमाडौं, १४ माघ



अर्थ मन्त्रालय चालु आर्थिक वर्ष २०७९/०८० को बजेटको अर्धवार्षिक समीक्षाको तयारीमा लागेको छ। मन्त्रालयअन्तर्गतको बजेट तथा कार्यक्रम महाशाखा प्रमुखको नेतृत्वमा समिति गठन गर्दै सोको तयारीमा लागेको हो। मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेका अनुसार समितिले गत पुससम्मको बजेट समीक्षाको प्रतिवेदन पेश गर्नुपर्नेछ भने समितिको प्रतिवेदनका आधारमा मन्त्रालयले चालु आवको बजेटको समीक्षा गर्नेछ। बजेट महाशाखा प्रमुख रितेशकुमार शाक्य नेतृत्वको समितिमा नेपाल राष्ट्र बैंक, राष्ट्रिय योजना आयोग, महालेखा नियन्त्रक कार्यालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट एक/एकजना प्रतिनिधि, अर्थ मन्त्रालयका सबै सहसचिव र बजेट महाशाखाका सबै उपसचिव सदस्य रहेका छन्। सरकारले चालु आवका लागि १७ खर्ब ९३ अर्ब ८३ करोड बराबरको बजेट सार्वजनिक गरेकोमा चालुतर्फ सात खर्ब ५३ अर्ब ४० करोड अर्थात् ४२ प्रतिशत, पुँजीगततर्फ तीन खर्ब ८० अर्ब ३८ करोड अर्थात् २१.०२ प्रतिशत र वित्तीय व्यवस्थातर्फ दुई खर्ब ३० अर्ब २२ करोड अर्थात् १२.०८ प्रतिशत रहेको छ। प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ चार खर्ब २९ अर्ब ८३ करोड अर्थात् २४ प्रतिशत बजेट रहेको छ।

# सिटिजन्स र जर्मन होम्सबीच सहकार्य



काठमाडौं। सिटिजन्स बैंक इन्टरनेसनल र जर्मन होम्स हस्पिटालिटीबीच सिटिजन्स बैंकका कार्डवाहक ग्राहकलाई विशेष छुट दिने सम्झौता भएको छ। सम्झौताअनुसार सिटिजन्स बैंकका कार्डवाहकले जर्मन होम्स हस्पिटालिटीका विभिन्न सेवामा १० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्। सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ। बैंकले डिजिटल बैंकिङ माध्यम प्रयोग बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय-समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको छ।

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : मेधिनी प्रिन्टिङ एण्ड डिष्ट्रिब्यूटर्स प्रा. लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४४७८१७७, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: desk@himalayatimes.com.np, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल